बौदीकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपुर, गण्डकी प्रदेश, नेपाल

# राजश्व सम्भाव्यता तथा प्रक्षेपण अध्ययन २०७५



तयार गर्ने संस्था
इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि.
अनामनगर, काठमाण्डौं, नेपाल

बौदीकाली गाउँपालिकाको

# राजश्व सम्भाव्यता तथा प्रक्षेपण अध्ययन

## प्रतिवेदन
## २०७५

परामर्शदाता

इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि.

अनामनगर, काठमाण्डौं, नेपाल

# दुई शव्द

वित्तीय विकेन्द्रीकरण समग्र विकेन्द्रीकरण सम्बन्धी अवधारणाको मुख्य पाटो हो । यस अवधारणा अनुरुप स्थानीय तहलाई वित्तीय विषयमा निर्णय गर्ने र त्यसको व्यवस्थापन गर्ने अधिकार सुम्पिएको हुन्छ । यदि स्थानीय तहहरुले प्रभावकारी किसिमले काम गरुन् भन्ने अभिप्रायले कार्य जिम्मेवारी प्रदान गरिन्छ भने उनीहरुलाई स्थानीय स्तरमा पर्याप्त साधन स्रोत परिचालन गर्ने अधिकारका साथै केन्द्रीय सरकारबाट समेत वित्तीय स्रोतहरु स्थानान्तर गर्ने व्यवस्था हुनु आवश्यक हुन्छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ (घ) बमोजिम संघिय सेवा सञ्चालन तथा गाउँपालिकामा समावेश भएका साविक तथा प्रदेश कानूनको अधिनमा रहि सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर भूमिकर(मालपोत), मनोरञ्जन कर सम्बन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन गर्ने अधिकार स्थानीय सरकारमा निहित भएको उल्लेख गरेको छ । साथै सोही ऐनको परिच्छेद ९ मा गाउँपालिकाको वित्तीय अधिकार क्षेत्रहरू स्पष्ट रुपमा तोकेको सन्दर्भमा संघिय शासन व्यवस्थाको मर्म अनुरुप गाउँपालिकालाई स्वायत स्थानीय सरकारको रुपमा स्थापित गरेको छ ।

तसर्थ स्थानीय तह/गाउँपालिका आम जनसमुदायसंग प्रत्यक्ष सरोकार राख्ने सबभन्दा नजिकको र पूर्ण पहुँचको सरकार हो र जनताका दैनिक समस्या र आवश्यकता पुरा गर्नु पर्ने दायित्व स्थानीय तहको रुपमा गाउँपालिकालाई प्रदान गरिएको छ ।नेपालको संविधान २०७२ को अनुसूची ८ तथा स्थानीय सरकार संचालत ऐन २०७४ को दफा ११ को उपदफा २ (घ) मा उल्लेख भए अनुसार गाउँपालिकाको अधिकारहरुमा गाउँ प्रहरी, सहकारी संस्था, एफ.एम सञ्चालन, स्थानीय सेवाको व्यवस्थापन, स्थानीय तथ्यांक र अभिलेख संकलन, स्थानीय तहका विकास योजना तथा परियोजनाहरु, आधारभूत माध्यामिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ, गाउँ सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन, स्थानीय अभिलेख व्यवस्थापन, घरजग्गा धनी पुर्जा वितरण, कृषि तथा पशुपालन, कृषि उत्पादन, व्यवस्थापन, पशु स्वास्थ्य सहकारी, जेष्ठ नागरिक अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन, वेरोजगारको तथ्यांक संकलन, कृषि प्रसारको व्यवस्थापन, संचालन र नियंत्रण खानेपानी साना जलविद्युत आयोजना वैकल्पिक उर्जा विपद व्यवस्थापन जलाधार, वन्यजन्तु खानी तथा खनिज पदार्थको संरक्षण, भाषा, संस्कृति र ललितकलाको

संरक्षण र विकास जस्ता महत्वपूर्ण कार्यहरु गर्ने जिम्मेवारी गाउँपालिकालाई सुम्पिएको छ ।गाउँबासीका ती आवश्यकताहरुलाई पूरा गर्नका लागि सोही सूचीमा स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर मालपोत संकलन गर्ने अधिकारहरु प्रदान गरिएका छन् ।

यसै सन्दर्भमा गाउँपालिकाका आन्तरिक आय स्रोत कसरी बृद्धि गर्न सकिन्छ, राजश्वका सम्भावित क्षेत्रहरु के के हुन सक्छन भन्ने यथार्थपरक प्रस्ताव गाउँ परिषदमा प्रस्तुत गर्नु पर्ने भएकाले यो अध्ययन गर्न आवश्यक भएको हो ।यो अध्ययन गर्न इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौंलाई जिम्मा दिएको थियो ।

सो कार्य सम्पादन गर्ने सिलशिलामा बौदीकाली गाउँपालिकाका अध्यक्षज्यू, उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृत, तथा अन्य सम्पूर्ण वडाका अध्यक्षहरू, कार्यपालिकाका सदस्यहरू एवम्अन्य सम्बन्धित कर्मचारीहरुले महत्वपूर्ण सरसल्लाह, राय, सुझाव र जानकारी दिनुभई सहयोग प्रदान गर्नु भएकोमा उहाँहरु सवैलाई हार्दिक धन्यवाद दिन चाहन्छौ ।

इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि.

# विषयसूची


| | | |
|---|---|---|
| दुई शव्द | | Error! Bookmark not defined. |
| कार्यकारी सारांश | | **iv** |
| **भाग १** | **परिचय** | **१** |
| १.१ | पृष्ठभूमि | १ |
| **भाग २** | **बौदीकाली गाउँपालिकाको परिचय** | **६** |
| २.१ | बौदीकाली गाउँपालिकाको भौगोलिक अवस्था, सीमाना, जनसंख्या, क्षेत्रफल र वडाहरु | ६ |
| २.४ | कृषि क्षेत्र | ९ |
| २.५ | पर्यटन | १० |
| २.६ | आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था | १२ |
| २.७ | गाउँपालिकामा रहेका सम्भाव्यता र अवसरहरु | १२ |
| २.८ | गाउँपालिकाको समस्या, चुनौती, अवसर र सम्भावनाहरु | १४ |
| **भाग ३** | **आन्तरिक आय परिचालन सम्बन्धी कानूनी व्यवस्था** | **१७** |
| ३.१ | स्थानीय कर, सेवा शुल्क, दस्तुर, राजश्व बाँडफाँका स्रोतहरु | १७ |
| ३.२ | राजश्व परामर्श समिति | १८ |
| **भाग ४** | **आय तथा खर्चको विश्लेषण** | **२०** |
| ४.१ | आन्तरिक आयको पृष्ठभूमि | २० |
| ४.२ | आन्तरिक आयको बिश्लेषण | २० |
| ४.३ | आन्तरिक आयको खर्चको विश्लेषण | २१ |
| **भाग ५** | **राजश्व प्रक्षेपण** | **२२** |
| ५.१ | राजश्व प्रक्षेपणकोआवश्यकता | २२ |
| ५.२ | आय प्रक्षेपणका आधारहरु | २२ |
| ५.३ | आ.व.२०७४/०७५ का लागि स्वीकृत राजश्वका दररेट | २४ |
| ५.४ | कर तथा दस्तुर | २४ |
| ५.७ | आ.व.२०७५/०७६ को राजश्व बृद्धिका लागि भएका मुख्य निर्णयहरु: | २९ |
| ५.८ | राजश्व बृद्धिका लागि सम्भाव्य स्रोतहरुको पहिचान | २९ |
| ५.९ | आ.व. २०७४/०७५ देखि २०७६/०७७ को राजश्व प्रक्षेपण | ३० |
| **भाग ६** | **निष्कर्ष र सुझावहरु** | **३०** |
| ६.१ | निष्कर्ष | ३० |
| ६.२ | सुझावहरु | ३१ |
| सन्दर्भ सामग्रीहरू | | ३६ |

# कार्यकारी सारांश

नेपालको संविधान २०७२ ले निर्दिष्ट गरेको अधिकारको परिधिभित्र रही यस बौदीकाली गाउँपालिकाको आन्तरिक स्रोत परिचालन गरी जनताका आवश्यकता र चाहना पूरा गर्नु यस गाउँपालिकाको जिम्मेवारी हो। स्थानीयस्तरमा रहेका संभावित श्रोतहरुको पहिचान गरी कानून सम्मत तरिकाले तिनिहरुको उपयोग गर्नु बौदीकाली गाउँपालिकाको अधिकार र दायित्व पनि हो।बौदीकाली गाउँपालिकाको आन्तरिक श्रोत परिचालन गरी यस गाउँपालिकालाई अझ सुदृढ वनाउने उद्देश्यले गाउँपालिका क्षेत्रमा रहेका सम्भावित आर्थिक श्रोतको अध्ययन गरी सुझाव सहित यो प्रतिवेदन प्रस्तुत गरिएको छ।

## क) आन्तरिक आयको परिचालन

### १. आ. व. २०७४/०७५ मा यस गाउँपालिकाले आन्तरिक स्रोतबाट जम्मा आय रु.६,५८,०००।-

विगत आर्थिक वर्षको यस गाँउपालिकाको आन्तरिक स्रोत परिचालन तथा व्यवस्थापनको अवस्था संक्षेपमा निम्न प्रकार रहेको छ :

| क्र.स. | वित्तीय समानीकरण | सशर्त | आन्तरिक आय | जम्मा |
|---|---|---|---|---|
| १ | १३,२२,६५,००० | ८,४२,७७,००० | ६,५८,००० | २१,७२,००,००० |

### २. मुख्य श्रोतहरुको योगदान

यस गाउँपालिकाले आ.व २०७४/०७५ मा रु.६,५८,०००।- रकम आन्तरिक आयको रुपमा संकलन गरेको छ। यसै आर्थिक वर्षमा वित्तीय समानिकरण अनुदान अन्तर्गतरु.१३,२२,६५०००।- प्राप्त भएको थियो भने शसर्त अनुदान तर्फ रु.८,४२,७७,०००।- प्राप्त भएको देखिन्छ। यसरी चालु आ.व.मा गाँउपालिकाको कुल आम्दानीरु.२१,७२,००,०००।- रहेको छ।

### ३. प्रस्तावित तथा प्रक्षेपित आय

यस गाउँपालिकाको आ.व.२०७४/०७५ को लागि जम्मा आन्तरिक आय रु.६ लाख५८ हजार प्रस्ताव गरिएको छ भने आ.व.२०७५/०७६ को लागि कुल बजेट रु.२३,७६,००,००० प्रक्षेपण गरिएको छ।

### ४. आन्तरिक स्रोतको चालु तथा पूँजीगत खर्चको स्थिति

यस गाउँपालिकाले आर्थिक वर्ष २०७४/०७५ मा पूँजीगत तर्फ रु.११,००,००,०००।- र चालु तर्फ रु.२,३५,२३,०००रहेको अभिलेखबाट देखिन्छ।आ.व. २०७४/०७५ मा प्रस्ताव गरिएको वजेटमाआय का अनुमान निम्न अनुसार रहेको देखिन्छ।

१)  पुजिगत तर्फ रु.११,००,००,००० (एघार करोड)

२)  चालु तर्फ रु. २,३५,२३,००० (दुई करोड पैंतीस लाख तेइस हजार)

३)  नेपाल सरकार सशर्त अनुदन -विषयगत कार्यालयहरुका लागि विनियोजन भएको) रु.८,४२,७७,००० (आठ करोड बयालिस लाख सतहत्तर हजार मात्र)

४)  श्रम सहभागिता खर्च रु.१,५०,००,००० (एक करोड पचास लाख)

५)  गत आर्थिक वर्षको मौज्दात ४८,००,००० (अडचालिस लाख)

## ५. यस गाउँपालिकाले परिचालन गरिरहेका कर, सेवा शुल्क, दस्तुर, बिक्री र अन्य आयका स्रोतहरु

गाउँपालिकाले आफ्नो क्षेत्रबाट संकलन गर्ने कर रकम स्थानीय कर अन्तर्गत पर्दछ । सम्पत्ति कर, भूमि कर,घर बहाल कर,व्यवसाय कर,जडिबुटी, कवाडी र जीवजन्तु कर,सवारी साधन कर,विज्ञापन कर,मनोरन्जन कर, बहाल बिटौरी, ट्रेकिङ्ग, हाइकिङ्ग जस्तो पर्यटनका संभावना भए त्यसमा लगाइने शुल्क,सेवा शुल्क, दस्तुर,पर्यटन शुल्क ।

## ख) सुझावहरु

### १. स्थानीय कर सम्बन्धमा

बौदीकाली गाउँपालिका क्षेत्रको जग्गाको अभिलेख अद्यावधिक गर्ने र  सम्पत्ति कर कार्यान्वयन गर्नुका साथै व्यवसायीहरुको अभिलेख अद्यावधिक गरी  करको दायरा बढाउने, घर बहाल करको दायरा बढाउने, सवारी साधन कर प्रभावकारी बनाउने, विज्ञापन करको दायरा बढाउने, हाटबजार व्यवस्थित गरी करको दायरा बढाउने, पटके सवारी करको दररेट बढाउने, मनोरञ्जन करलाई प्रभावकारी वनाउने, घर वहाल कर प्रभावकारी वनाउने र सवारी साधनको अभिलेख अद्यावधिक गरी सवारी दर्ता तथा वार्षिक सवारी करको दायरा बढाउने ।

### २. सेवा शुल्क सम्बन्धमा

गाउँपालिकाको आन्तरिक आय बृद्धि गर्नका लागि सेवा शुल्कलाई ध्यान दिनु जरुरी छ र यसको लागि सवारी पार्किङ्ग शुल्क लागू गर्ने, सरसफाई महशुल लागु गर्ने, सार्वजनिक सुविधा उपयोग सेवा शुल्क प्रभावकारी वनाउने, सार्वजनिक संरचना मर्मत संम्भार शुल्क लागू गर्ने, एम्बुलेन्स सेवा शुल्क लागू गर्ने ।

### ३. दस्तुर सम्बन्धमा:

हाल यस गाउँपालिकाले उठाइरहेका दर्ता नवीकरण दस्तुर, नक्सा पास दस्तुर, सिफारिश दस्तुर, नाता प्रमाणित दस्तुर र अन्य दस्तुरका दरमा बृद्धि गरी कार्यान्वयनलाई प्रभावकारी वनाउने ।

आ.व.२०७३।०७४ को यस गाउँपालिकाको पुस्तिकामा दिएको स्वीकृत विवरण अनुसार सेवा शुल्क र दस्तुरमा दुविधा भएको देखिन्छ। आगामी आ.व.मा सेवा शुल्क र दस्तुर बारे प्रष्टसंग छुटयाई संकलन गर्ने र सोको अभिलेखीकरण गर्ने ।

### ४. बिक्री सम्बन्धमा

बोल पत्र फाराम विक्री, नक्सा फाराम विक्री र मालसामान लिलाम बिक्रीलाई प्रयोगमा ल्याई कार्यान्वयन गर्ने ।

### ५. सार्वजनिक नीजि साझेदारी

सार्वजनिक नीजि साझेदारीलाई कार्यान्वयनमा ल्याउने ।

### ६. विविध आय

यस अन्तर्गत भाडा तथा वहाल, बजार ठेक्का, पोखरी ठेक्का, मालपोत तथा अन्य बक्यौता रअन्य विविध स्रोतको प्रभावकारी रुपमा संचालन गर्न तथा त्यसको अभिलेख राख्ने प्रभावकारी व्यवस्था मिलाउने ।

### ७. अधिकार प्रत्यायोजन :

वडाहरुलाई कर, सेवा शुल्क, दस्तुर आदि असुल गर्ने अधिकार प्रत्यायोजन गर्ने ।

### ८. पारदर्शिता:

गाउँपालिकाको कर प्रक्रिया र संकलित रकमलाई पारदर्शि वनाउने ।

### ९. क्षमता विकास

गाउँपालिका तथा यस सँग सम्बन्धित कर्मचारीहरुको तालिम, गोष्ठी, भ्रमण आदि कार्यक्रमको माध्यमद्वारा क्षमता अभिबृद्धि गर्ने ।

### १०. अन्तरक्रिया

राजनीतिक दलका प्रतिनिधिहरु र सरोकारवालाहरुबीच समय समयमा राजश्व संकलन सम्बन्धमा छलफल तथा अन्तरक्रिया गर्ने ।

# भाग १
# परिचय

## १.१ पृष्ठभूमि

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालि संस्थागत भएसँगै स्थिरता विकास र समृद्धको नयाँ युगमा प्रवेश गरेको छ। अब राजनैतिक उपलब्धिको जगमा उभिएर सबै प्रकारका पछौटेपन तथा आर्थिक, सामाजिक भेदको अन्त्य र चरम गरिबीलाई शून्यमा पुऱ्याउने र आधुनिक नेपाल निर्माणको यात्रा तय गर्नु पर्ने तथा समृद्धि नेपाल सुखी नेपाली भन्ने नाराका साथ बढेको नेपाल सरकारले राखेका उद्देश्यहरू परिपूर्ति गर्नका लागि स्थानिय सरकारको पनि महत्वपूर्ण भूमिका रहन्छ। वित्तीय विकेन्द्रीकरण समग्र विकेन्द्रीकरण सम्बन्धी अवधारणाको मुख्य पाटो हो। यस अवधारणा अनुरुप स्थानीय तहलाई वित्तीय विषयमा निर्णय गर्ने र त्यसको व्यवस्थापन गर्ने अधिकार सुम्पिएको हुन्छ। यदि स्थानीय तहहरुले प्रभावकारी किसिमले काम गरुन् भन्ने अभिप्रायले कार्य जिम्मेवारी प्रदान गरिन्छ भने उनीहरुलाई स्थानीय स्तरमा पर्याप्त साधन स्रोत परिचालन गर्ने अधिकारका साथै संघीय सरकारबाट समेत वित्तीय स्रोतहरु स्थानान्तर गर्ने व्यवस्था हुनु आवश्यक हुन्छ।

### १.१.१ स्थानीय तह

सेवा प्रदायकको दृष्टिले गाउँपालिकाहरुलाई महत्वपूर्ण तहको रुपमा लिइन्छ र हाल यी तहहरु नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिमसैद्धान्तिक रुपमा गाँउपालिकाहरुले स्थानीय जनताद्वारा निर्वाचित पदाधिकारीहरुको निर्णय र निर्देशन बमोजिम सेवा प्रवाह र विकास कार्यहरु गर्नु पर्दछ, जसबाट स्थानीय जनताको माग र आवश्यकताहरु सम्बोधन हुने गर्दछन्। वास्तवमा गाउँपालिकाहरु स्थानीयसरकारको रुपमा गठन भएका स्थानीय जनताका प्रतिनिधिमूलक संस्थाहरु हुन्। संघियताको क्रमश कार्यान्वयन हुने क्रममा जनताहरुमा उत्साहजनक वातावरण सृजना भएकोछ।संघिय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था सहितको संविधान जारी भैसके पश्चातको निर्वाचनले जनादेश सहित सबै संघिय प्रादेशिक र स्थानीय सरकारहरु गठन भैसकेका छन्।यी निर्वाचित संस्थाका प्रतिनिधिहरु आ-आफ्नो कार्यक्षेत्रमा उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गरी जनताका आवश्यकता तथा चाहनाहरुलाई सबै वर्ग क्षेत्र र समूहका नागरिकहरुको सहभागितामा पारदर्शी रुपमा विकास निमार्णका कार्यहरुको संचालन तथा व्यवस्थापन र आवश्यक सेवाहरु प्रदान गर्न अग्रसर र प्रतिबद्ध छन्। जनताको प्रतिनिधित्व भएको स्थानीय तहहरुले जनतालाई दिने सेवा र विकास कार्यको प्रभावकारितामा अभिबृद्धि गरी सरकारको सुशासनको अभ्यासलाई मूर्त रुप दिन सफल हुन सक्नेछन्। साथै स्थानीय तहमा लोकतान्त्रिक अभ्यास र पद्धतिको संस्थागत विकास गर्दै जाने आधार समेत यसले खडा गर्दछ। फलस्वरुप गाउँपालिकाबाट गरिने सेवा र विकास व्यवस्थापनका कार्यहरु पारदर्शी, जवाफदेही, जनमुखी, नतिजामुखी र मितव्ययी हुने विश्वास गरिन्छ ।

नेपालको संविधान अनुसार गाउँपालिकाको स्थानीय सरकारका रुपमा बेग्लै वैधानिक अस्तित्व रहेकोले व्यक्ति सरह यसले चल अचल सम्पत्ति प्राप्त गर्ने, उपभोग गर्ने, बेचबिखन गर्ने र ऋण लिन पाउनुका साथै आफ्नो नामबाट स्वायत्त निकायको हिसाबले हरेक क्रियाकलाप गर्न सक्दछ।नेपालको संविधानको भाग १९ तथा धारा २२९ बमोजिम स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिकामा एक स्थानीय कोष रहनेछ। त्यस्तो

कोषमा गाउँपालिकालाई प्राप्त हुने सबै प्रकारका राजश्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिकाले लिने ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ भनी उल्लेख भएको छ। जसअनुसार गाउँपालिकाहरुले आगामी आ.व. का लागि चालु आ.व. मा बार्षिक योजना र बजेट गाउँपालिकाको परिषदबाट पारित गराउने व्यवस्था छ।स्थानीय तहहरुको कार्य सञ्चालनका लागि आवश्यक पर्ने कर्मचारीको भर्ना गर्ने, बढुवा गर्ने, पुरस्कार र दण्ड गर्ने, तिनीहरुको संख्या, सेवा शर्त र योग्यता निर्धारण गर्न सक्ने अधिकार गाउँपालिकालाई छ र गाउँपालिकाले प्रदान गर्ने सेवा उत्कृष्ट वनाउन यसको व्यवस्थापनमा गाउँपालिकाले बिशेष ध्यान दिनु पर्दछ।

### १.१.२ वित्तीय विकेन्द्रीकरण

संवैधानिक आधारमा स्थानीय तहलाई प्रदान गरिएको वित्तीय स्वायत्ततालाई वित्तीय विकेन्द्रिकरण भनिन्छ। वित्तीय स्वायत्तता भन्नाले गाउँपालिकाले आफ्नो वित्तीय नीति आफै तर्जुमा गर्ने, राजश्व सम्भाव्यता अध्ययन र परिचालन गर्ने, खर्च गर्ने तथा श्रोत व्यवस्थापन गर्न पाउने कानूनी अधिकारलाई बुझाउँछ। वित्तीय स्वायत्तताको अभ्यास गर्दा कानूनी प्रावधान, जवाफदेहीता, जनसहभागिता, पारदर्शिता र उत्तरदायित्व निर्वाह गर्ने पद्धतिलाई संगसंगै अवलम्बन गर्नु पर्दछ।

आर्थिक कूशलताका दृष्टिकोणबाट उचित मानिने वित्तीय स्वायत्तता राजनीतिक दृष्टिले सरकारलाई जनताको नजिक पुर्‍याउने, जनसहभागिता बृद्धि गर्ने, सार्वजनिक खर्चको सर्वोत्तम उपयोग र राजश्व परिचालनको प्रभावकारिता बृद्धि गर्ने माध्यम हो। नेपालमा वित्तीय स्वायत्तताको अभ्यासलाई हेर्दा विक्रम सम्बत् २००४ साल देखि २०४६ साल सम्म सैद्धान्तिक रुपमा विभिन्न उपायहरुको अबलम्बन गरिको भएतापनि तिनीहरुको कार्यान्वयन पक्ष अत्यन्त कमजोर रहेको देखिन्छ। वि.स. २०४८ सालमा आएर गाउँ विकास समिति, गाउँपालिका र जिल्ला विकास समितिका लागि छुट्टा छुट्टै ऐनहरु जारि गरिए। यी ऐनहरुमा स्थानीय निकायलाई विभिन्न कर तथा शुल्क लगाउन सक्ने गरी कानूनी अधिकार प्रदान गरियो। तत्कालिन परिस्थितिमा समसामयिक सुधार गरी स्थानीय निकायलाई वित्तीय हिसावले आत्मनिर्भर र सक्षम बनाउने उद्देश्यका साथ स्थानीय निकायका लागि छाता ऐनको रुपमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ लागु गरियो। यस कानूनी आधारमा स्थानीय निकायका लागि वित्तीय स्वायत्तता प्रदान गरियो जसअनुसार गाउँपालिकाले कर, सेवा शुल्क, दस्तुर, बिक्रीबाट राजश्व संकलन गर्नुका साथै आयोजना संचालनका लागि ऋण समेत लिन सक्ने व्यवस्था गरिएको थियो। नेपालको संविधान २०७२ ले भने स्थानीय तहहरुलाई आर्थिक स्रोत परिचालन सम्बन्धमा अधिकार सम्पन्न बनाएको छ।

संक्षेपमा गाउँपालिकालाई वित्तीय विकेन्द्रीकरणको अवधारणा अनुरुप काम गर्न अधिकार प्रदान गरेको छ। वित्तीय विकेन्द्रीकरणका चार खम्बा निम्न प्रकार छन्।

#### क) खर्च व्यवस्था सहित जिम्मेवारी सुम्पने कार्य **(Expenditure Assignment)**

खर्च व्यवस्था सहित जिम्मेवारी सुम्पने कार्यले सरकारका विभिन्न तहको कार्य जिम्मेवारीहरु के के हुन् र यी तहहरुबीच एक आपसमा के कस्तो अन्तर सम्बन्ध रहन्छ भन्ने कुरा बुझाउँछ। यसले जनताले कुनै खास सेवा प्राप्त गर्न कुन निकायमा जाने भन्ने स्पष्ट गर्दछ।

## ख) राजश्व सम्बन्धी अधिकार (Revenue Assignment)

स्थानीय तह/गाउँपालिकालाई सुम्पिएको कार्य जिम्मेवारी पुरा गर्न वित्तीय साधन जुटाउन स्थानीय तह/गाउँपालिकालाई सुम्पिने अधिकारलाई राजश्व परिचालन अधिकार भनिन्छ। यसमा स्थानीय तहले कुन कुन स्रोतमा कर लगाउन सक्ने भन्ने कुरा प्रष्ट पारिएको हुन्छ। त्यस्तै यसले कुन तहलाई कुन तहको स्रोत संकलन गर्ने अधिकार प्रदान गर्न उपयुक्त हुन्छ भन्ने कुरा पनि स्पष्ट गर्दछ। स्थानीय तहको आर्थिक ऐनको नमूना २०७५ अनुसार स्थानीय तह/गाउँपालिकालाई लाई राजश्व उठाउन अधिकार प्रदान गरिएका स्रोतहरु यस प्रकार छनः सम्पत्ति कर, भूमि कर (मालपोत), घर बहाल कर, व्यवसाय कर, जडिबुटी, कवाडी र जीवजन्तु कर, सवारी साधन कर, विज्ञापन कर, मनोरञ्जन कर, बहाल बिटौरी कर, पार्किङ शुल्क, ट्रेकिङ्ग, कायाकिङ, क्यानोइङ्ग, बन्जी जम्पीङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क, सेवा शुल्क, दस्तुर र पर्यटन शुल्क।

## ग) अन्तरसरकारी वित्तीय हस्तान्तरण (Intergovernmental Fiscal Transfers)

स्थानीय निकायलाई सुम्पिएको कार्य जिम्मेवारी पूरा गर्न आवश्यक साधनको पूर्ति स्थानीय तहहरुको राजश्व अधिकार अन्तरर्गत संकलन गरेर नपुग भएको साधनको व्यवस्थाका लागि संघीय सरकारले स्थानीय तहहरु/गाउँपालिकालाई उपलब्ध गराउने निशर्त समानिकरण अनुदान, सशर्त र समानीकरण अनुदान र राजश्वको बाँडफाँडको समष्टि नै अन्तरसरकारी वित्तीय हस्तान्तरण हो। यी विभिन्न शीर्षक अन्तर्गत नेपाल सरकारले स्थानीय तह (गाउँपालिका) लाई आर्थिक स्रोत जुटाउदै आएको छ।

## घ) स्थानीय सरकारको ऋण(Local Government Borrowing)

स्थानीय तहले वार्षिक योजना तर्जुमा गर्दा, वार्षिक अनुमानित व्ययको अनुपातमा आय सन्तुलन हुन नसकेको अवस्थामा वित्तीय न्यूनताको श्रृजना हुन्छ। यसको परिपूर्तिको लागि स्थानीय तहहरु/गाउँपालिकाले लिने ऋण नै स्थानीय सरकारको ऋण हो। वित्तीय विकेन्द्रीकरणका यी चारैवटा खम्बाहरुलाई क्रमवद्ध रुपमा कार्यान्वयन गर्नु पर्दछ। यसको क्रमवद्धता तोडिएमा वा कुनै एक खम्बाको मात्र कार्यान्वयन गर्न खोजिएमा वित्तीय विकेन्द्रीकरणको सफलतामा अंकुश लाग्ने हुन्छ। स्थानीय तह/गाउँपालिकाको कार्य जिम्मेवारी निश्चित भएपछि सो कार्य सम्पादन गर्न स्थापित मापदण्ड र सेवाको स्तर तथा वर्तमान अभ्यासका आधारमा के कति साधन आवश्यक पर्दछ भन्ने कुराको निश्चित गरिन्छ। उक्त आवश्यक साधन जुटाउन केन्द्रले के कति राजश्व अधिकारको निक्षेपण गर्ने हो सो र नपुग स्रोत अन्तर सरकारी वित्तीय हस्तान्तरणको माध्यमबाट उपलब्ध गराउने निश्चित गर्नु पर्दछ। स्थानीय तह/गाउँपालिकाले कार्यक्रम सञ्चालन गर्दा कुनै विशेष लगानीको आवश्यकता परेमा त्यस्तो लगानीको व्यवस्था गर्न ऋण लिन पाउने व्यवस्था पनि छ।

### १.१.३ अध्ययनको उद्देश्य

यस अध्ययनको मूल उद्देश्य संविधान प्रदत्त स्थानीय सरकारको अधिकार र सो भित्र पर्ने राजश्व, सेवा शुल्क र दस्तुरहरु संकलनको विद्यमान अवस्थाको अध्ययन गरी कानूनत : राजश्व संकलनमा संभाव्यता र उपायहरुको पहिचान गरी सिफारीश गर्नु हो । यस अध्ययनका विशिष्ट उद्देश्यहरु यस प्रकार छन् ।

यस अध्ययनका बिशिष्ट उद्देश्यहरु निम्न अनुसार छन् :

१) हालको राजश्व संकलनको अवस्थाको अध्ययन गर्ने

२) स्थानीय स्तरमा राजश्व संकलनका चुनौती र समस्याहरुको पहिचान गर्ने

३) राजश्व संकलनका श्रोतहरुको पहिचान गर्ने

४) राजश्व संकलनमा देखापरेको चुनौती र समस्या समाधानका उपायहरुको सुझावहरु दिने

५) राजश्व संकलन प्रकृयालाई वैज्ञानिक र व्यवस्थित गर्ने उपायहरुको सुझावहरु दिने

६) राजश्व संकलन र व्यवस्थापन प्रकृयालाई पारदर्शी बनाउने उपायहरुको सुझावहरु दिने

७) स्थानीय जनताहरुमा कर शिक्षा कार्यक्रम लागु गर्न सुझाव दिने

### १.१.४ अध्ययन विधि

यो अध्ययनको सन्दर्भमा बौदीकाली गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृत, लेखा शाखाका प्रमुख तथा अन्य सम्बन्धित कर्मचारीहरुसंग छलफल गरिएको थियो । त्यसपछि विभिन्न चरणमा लेखा शाखा प्रमुख र अन्य सम्बन्धित कर्मचारीहरुसंग छलफल गरी सूचना संकलनका फारामहरु तयार गरियो । ती फाराम अनुसार सूचना संकलन गर्ने कार्य भएको थियो । यस अध्ययनको लागि निम्न स्रोतहरुबाट पनि जानकारीहरु संकलन गरिएको थियो ।

यस अध्ययनको लागि निम्न स्रोतहरुबाट पनि जानकारीहरु संकलन गरिएको थियो ।

- बौदीकाली गाउँपालिकाको विगत आ.व.का वार्षिक बजेट तथा कार्यक्रम पुस्तिकाहरु ,
- राष्ट्रिय जनगणना, विभिन्न सर्वेक्षण आदिका नतिजाहरु,
- राजश्व संकलन सम्बन्धी, दस्तावेज, प्रतिवेदन र प्रकाशनहरु, नागरिक वडापत्र र बौदीकाली गाउँपालिकाको वस्तुगत विवरण ।
- बौदीकाली गाउँपालिकाको राजश्व संकलन सम्बन्धी कर्मचारीसंग छलफल तथा अन्तरक्रिया ।
- राजनीतिक दलहरु व्यवसायी र स्थानीय बुद्धिजीविसंग छलफल तथा अन्तरक्रिया ।

अभिलेखहरुबाट संकलित तथ्यांकहरुलाई सम्बन्धित विज्ञ तथा फोकस समूह छलफलबाट परिपोषण गरिएको थियो । यसर्थ आ.व. २०७४/०७५ को लागि जज्मेन्ट (Judgement)र प्रवृत्ति विश्लेषण दुवैका आधारमा राजश्व प्रक्षेपण गरिएको छ ।

### १.१.५ अध्ययनको सीमा

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ तथा विद्यमान सम्पूर्ण वितिय कानूनको अधिनमा रहि बौदीकाली गाउँपालिकाको अधिकार क्षेत्र भित्र पर्ने आर्थिक कारोबारका दायराहरु भित्र रहि यो अध्ययन सम्पन्न गरिएको छ ।

(क) सरोकारवालाहरुसंग व्यापक मात्रामा छलफल गर्न नसकिएको ।

(ख) यो अध्ययन प्राथमिक तथ्यांक भन्दा द्वितीय तथ्यांकमा बढी आधारित हुनपुगेको ।

(ग) राजश्व परिचालन सम्बन्धी जानकारीहरुको अभिलेख पर्याप्त मात्रामा नभएको ।


# भाग २
# बौदीकाली गाउँपालिकाको परिचय

## २.१ बौदीकाली गाउँपालिकाको भौगोलिक अवस्था, सीमाना, जनसंख्या, क्षेत्रफल र वडाहरु

कालीगण्डकी नदीको किनारदेखि दक्षिणतर्फ महाभारत पर्वत श्रृखंलासम्म फैलिएको यो गाउँपालिकाको उत्तर तर्फको पानी ढलो पर्दछ । यस गाउँपालिकाको प्रमुख नदी बौदीकाली, काली गण्डकीमा गएर मिसिन्छ । हावापानीको हिसाबले नदी किनार, खोच र बेशी क्षेत्रमा उष्ण तथा मध्य पहाडी भागमा समशितोष्ण तथा लेकाली टाकुराहरुमा चिसो हावापानी पाइन्छ । नेपालको हिमालय श्रृंखलाको मध्य भागमा उदगम स्थल भई दक्षिण पूर्व हुँदै बग्ने प्रसिद्ध काली गण्डकी नदी र महाभारतको पर्वत श्रृंखलामा रुचाङ उदगमस्थल भइ उत्तर तर्फ बग्दै काली नदीमा समाहित हुने बौँदी खोलाको समग्र पानी ढलोको क्षेत्र वरपरको भूभागमा बौदीकाली गाउँपालिका रहेको छ । यसै कारण यस गाँउपालिकाको नाम बौदीकाली गाउँपालिका रहन गएको हो । मगर भाषामा 'बौ' भनेको सेतो र 'दी' भनेको खोला भएकोले यसलाई सेतो पानी बग्ने खोला अर्थात बौदीकाली भनिएको भन्ने भनाइ पनि छ ।

यो गाउँपालिका क्षेत्र २०३२ सालमा पाल्पा जिल्लाबाट हालको नवलपरासीमा गाभिएको थियो बौदीकाली गाउँपालिका नेपालको ४ नं प्रदेश अन्तर्गत नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लामा रहेको छ । यस गाउँपालिकामा साविकका जौवारी (१-३), मिथुकरम, डेढगाउँ, रकुवा, रुचाङ र नरम, ६ ओटा गा.वि.स. समावेश गरि ६ वडा कायम गरिएको छ । ९१.८७ वर्ग कि.मि. क्षेत्रफल रहेको यस गाउँपालिकाको पूर्वमा बुलिङटार गाउँपालिका, पश्चिममा पाल्पा जिल्ला, उत्तरमा तनहुँ जिल्ला र दक्षिणमा हुप्सेकोट गाउँपालिका रहेका छन् ।

नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरुमा विकासको सम्भावना बोकेको गाउँपालिकाको रुपमा बौदीकाली गाउँपालिका रहेको छ । सामान्यत: मध्य पहाडि क्षेत्रमा रहेको यस गाउँपालिकामा मुख्य गरी कृषि, साना व्यापार, प्राकृतिक श्रोत, आन्तरिक पर्यटन, धार्मिक तथा सामाजिक महत्वका क्षेत्रहरु रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य मुख्य श्रोतहरुमा व्यापार, व्यवसाय, नोकरी साथै विकल्पमा वैदेशिक रोजगारी पनि एक हो । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि बाहिरिने क्रम बढिरहेको छ । यस गाउँपालिकामा आधारभूत देखि माध्यामिक शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्थाहरु रहेका छन् । गाउँपालिकामा साना लघु विद्युत मार्फत विद्युतीकरण भएको छ । यस गाउँपालिकाको धेरै जसो घरहरुमा सौर्य उर्जाको उपयोग भएको पाइन्छ । तथापी केही सिमान्तकृत वर्ग भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । विगतमा लामो समयसम्म स्थानीय निकायमा जनप्रतिनिधिको अभाव, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास भएको देखिँदैन । विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । यस गाउँपालिकामा मुख्यतया साउने संक्रान्ती, नागपञ्चमी, जनैपुर्णिमा, कृष्ण जन्माष्टमी, हरीतालिका तिज, बडादशै, दिपावली (तिहार), माघे संक्रान्ती, चैते दशै लगायतका चाडपर्व मनाउने गर्दछन् ।


बौदीकाली गाउँपालिका
बौदीकाली गाउँपालिकाको वार्डको विवरण
२
३
१
४
६
५
० १ २ ४ ६
कि.मी
१:५०,०००
संकेत
स्थानीय तहको सिमाना
वडा सिमाना

तालिका नं. १: गाउँपालिकामा समावेश भएका साविकका गा.वि.स.हरु

| जिल्ला | गाउँपालिकाको नाम | वडा संख्या | गाउँपालिकाको केन्द्र | गाउँपालिकामा समावेश भएका साविकका गा.वि.स.हरु | वडा विभाजन | |
|---|---|---|---|---|---|---|
| | | | | | साविक गा.वि.स र वडाहरु | हाल गाउँपालिकाको वडा |
| नवलपरासी | बैदीकाली गाउँपालिका | ६ | | मिथुकरम | १–९ | १ |
| | | | डेढगाउँ | डेढगाउँ | १–९ | २ |
| | | | | रकुवा | १–९ | ३ |
| | | | | रुचाङ | १–९ | ४ |
| | | | | बबक | १–३ | ५ |
| | | | | नरम | १–९ | ६ |

*स्रोत : बौदीकालीगाउँपालिकाको अभिलेख*

नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णय अनुसार तत्कालिन माननीय संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साबिकका गा.वि.स.हरू गाभेर जम्मा ६ वडाहरू कायम गरी बौदीकालि गाउँपालिका घोषणा गरिएको हो ।

तालिका नं. २: बौदीकाली गाउँपालिकाको वडा विभाजन

| कायम गएिका वडाहरु | समावेश भएका साविकका गा.वि.स.र गा.पा. हरु | साविकको वडा नं. |
|---|---|---|
| १ | मिथुकरम | १–९ |
| २ | डेढगाउँ | १–९ |
| ३ | रकुवा | १–९ |
| ४ | रुचाङ | १–९ |

| | | |
|---|---|---|
| ५ | बबक | १–३ |
| ६ | नरम | १–९ |

## २.४ कृषि क्षेत्र

नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ। ग्रामीण जनताहरुको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रुपमा लिन सकिन्छ। खाद्यान्न तथा नगदे बालीहरु फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धी विविध सूचनाहरु कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्दछ। नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीय स्तरमा कृषि सम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रुपमा कृषि भूमि व्यवस्था तथा सहकारी मंन्त्रालय र केन्द्रीय तथ्याङ्क विभाग रहेका छन्। स्थानीय उत्पादनको वृद्धि र विकास गर्न वैज्ञानिक कृषि प्रणाली र बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ। आर्थिक सर्वेक्षण २०७४/०७५ का अनुसार नेपालको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २९.३७ प्रतिशत रहेको छ। नेपालमा करिब ६३ प्रतिशत जनसंख्या रोजगारी तथा जीविकाको लागि कृषिमा निर्भर रहेका छन्। वर्षेनी युवा जनशक्ति पलायनमा बढोत्तरी, अव्यवस्थित शहरीकरण, जग्गाको खण्डिकरण, घडेरीकरण, जग्गा बाँझो राख्ने प्रवृत्ति, समग्र कृषि क्षेत्रका चुनौतीहरु हुन्। कृषि क्षेत्रको विकासका लागि आवश्यक सिँचाई, सडक, विजुली, संचार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरुमा पर्याप्त लगानी आर्कषण गर्न नसक्नु कृषि क्षेत्रको मूलभूत समस्या हो भने कृषि पेशालाई प्रतिस्पर्धा, नाफामूलक, सम्मानजनक र व्यवसायिक रुपमा स्थापित गर्नु पनि चुनौतिको रुपमा रहेको छ। गाउँपालिकामा कृषिका लागि प्रशस्त मात्रामा उपयोगी क्षेत्र रहेको छ। सामान्यत : कृषि प्रणालीमा मुख्य अन्न बालीहरु धान, मकै, गहुँ आदि हुन्। मुख्य वालिमा अदुवा, मास, बोडी, भटमास, सुन्तला, हलेदो, पिँडालु तथा पशुपंक्षीहरु समेत यहाँका उतपादनहरु हुन्। यस्तै दलहन बालीमा अडहर, मास, मसुरो, केराउ, चना उत्पादन हुने गर्दछ। तेलहन बालीमा तोरी, आलस, तिल उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, भिन्डी, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन्  र यिनको उत्पादकत्व पनि बढी छ। गाउँपालिकामा सबैभन्दा धेरै क्षेत्रमा खाद्यान्न र फलफूल बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले न्यून क्षेत्रमा दलहन र मसला बाली लगाइने गरेको छ। यस गाउँपालिका कृषि उत्पादनको हिसाबले पूर्णरुपमा आत्मनिर्भर हुन सकेको छैन। बौदीकाली गाउँपालिकामा कृषि पेशा अगाल्ने परिवारको संख्या उच्च रहेको छ। कृषि पेशामा संलग्न श्रम शक्ति उच्च रहेको यस गाउँपालिकामा कृषि व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले गाउँपालिकामा विभिन्न क्षेत्रलाई कृषि पकेट क्षेत्रको रुपमा विकास गरी नगदे, तरकारी, फलफुल, खाद्यान्न, मौरी पालन, उखुजस्ता कृषि उत्पादनको वृद्धि गर्न सक्ने प्रशस्त सम्भावना देखिन्छ।

तालिका नं. ३: आर्थिकरूपले सक्रियकृषि क्षेत्रको अवस्था

| खेति गरिएको जग्गाको क्षेत्रफल (क्षेत्रफल हेक्टर) | | | | |
|---|---|---|---|---|
| बाली | उत्पादन (क्विन्टल) | जम्मा क्षेत्रफल | सिंचित क्षेत्रफल | असिंचित क्षेत्रफल |
| अन्नबाली | ३३०४८० | १८३६ | २२० | १६१६ |
| दलहन | १८३६०० | | | |

| | | | | |
|---|---|---|---|---|
| तेलहन | ३६७२० | | | |
| तरकारी | १८३६०० | | | |
| नगदेवाली | २७५४०० | | | |
| फलफूल | २९३७६० | | | |
| अन्य | ३६.७२ | | | |

*स्रोत:बौदीकाली गाउँपालिका, २०७४*

## २.५ पर्यटन

एउटा विशिष्ट भौगोलिक संरचनाले श्रृजना गरेको हावापानी, जनजीवन, वन वनस्पति र वन्यजन्तु तथा साँस्कृतिक विविधताको कारण नेपाल विश्वमा नै एउटा पर्यटकीय गन्तव्य स्थलकोरुपमा परिचित छ। पर्यटन हाम्रो लागि प्रकृतिले प्रदान गरेको वरदान हो। अत्यन्त रमणीय विश्वकै उच्च हिमश्रृंखलाहरु, अनवरत बग्ने कञ्चन हिम नदीहरु, झर्ना, तालतलैया, प्राकृतिक गुफा, विविधतायुक्त वन जंगल यहाँको प्राकृतिक निधिहरु हुने। यहाँको संस्कृति, जाति तथा रहनसहन समेत पर्यटनका आकर्षक पक्षहरु हुन्। यी सम्पुर्ण पर्यटकीय सम्पतिको पूर्ण सदुपयोग गरेमा देशको आर्थिक सम्वृद्धिमा उल्लेखनीय योगदान पुग्न गइ देशको अर्थतन्त्रलाई सबल बनाउन सकिने निश्चित छ। तसर्थ पर्यटन नीति, २०६५ ले मुलभूतरुपमा पर्यटन मार्फत स्वरोजगार श्रृजना, गरिबी निवारण, मूर्त तथा अमूर्त सम्पदाको खोज अनुसन्धान, हवाई तथा स्थलमार्गको थप विकास र विस्तार गर्ने र पर्यटन पुर्वाधारलाई दिगो विकासको अवधारणा अनुरुप अगाडि बढाउने उद्देश्य लिएको छ। बौदीकाली क्षेत्रका प्रमुख धार्मिक तथा पर्यटकिय क्षेत्रहरू यस प्रकार छन्।

### अकलादेवी माई

अकलादेवी मन्दिर डेढगाउँ क्षेत्रकै शुप्रसिद्ध धार्मिक स्थल हो। स्थानीय जनश्रुति अनुसार हाल मन्दिर रहेको स्थानमा एउटा ढुङ्गा रहने गरेको जुन स्थानीय गोठालाले हालको मन्दिर रहेको क्षेत्रबाट केही तलको चौरमा फालेर आएतापनि फेरि अर्को दिन सोहि स्थानमा नै आउने गरेकोले त्यहाँ अलौकिक शक्ति रहेको यकिन गरी मन्दिरको स्थापना गरिएको भन्ने भनाइ छ। यस मन्दिरको छाना नभएको र करिब २०० वर्ष अघिको पर्खाल भने रहेको छ। मन्दिरको चारै कुना र बीचमा गरी पिपलका रुखहरु रहेका छन् ।स्थानीय बासीहरुको अनुसार उक्त रुखहरु जस्ताको त्यस्तै रहेको, एउटा हाँगा पनि सुकेर नभाचिएको भनाई छ । मनोकामना पुरा हुने विश्वासका साथ यस मन्दिर बाहिर बली चढाउने गरिएको छ। आश्चर्यको कुरा बलीको रगतमा झिंगाहरु नबस्ने स्थानीयबासीहरुको भनाइ छ। यस मन्दिरलाई व्यवस्थित गर्न स्थानीय भक्तजन तथा समाजसेवीहरुबाट आर्थिक सहयोग प्राप्त हुने गरेको छ। मन्दिरमा हाल ४५ केजीको घण्ट समेत रहेको छ। यहाँ बिशेष गरी चैत्र पूर्णिमा अर्थात स्थानीय भाषामा गुजेरी पूर्णिमाको दिन बिशेष पुजा हुने र ठूलो धार्मिक मेला लाग्ने गर्दछ। साउन महिना र एकादशीमा यहाँ बली चढाइदैन। यस मन्दिरमा छिमेकी जिल्लाहरु कास्की, तनहुँ, स्याङजा, पाल्पा, चितवन, गुल्मी र देशका अन्य भागहरुबाट समेत भक्तजनहरु मनोकामना पुरा गर्ने हेतुले आउने गर्दछन्। मन्दिरको व्यापक प्रचार प्रसार र उचित व्यवस्थापन गर्न सके गाउँपालिकाकै

धार्मिक प्रर्वद्धनमा टेवा पुग्ने देखिन्छ। अलौकिक शक्ति रहेको यस मन्दिरमा करिब १०,००० जना आन्तरिक पर्यटक वार्षिक रुपमा आउने गर्दछन । अकलादेवी माई नजिकै अकला गुफा पनि रहेको छ । यो गुफा पनि आकर्षणको क्षेत्र हो ।

### वालीघाट

यस क्षेत्रमा वाल्मिकी ऋषिले तपस्या गरेकोले पवित्र तपोभूमिकोरुपमा लिइन्छ। यस स्थानमा कार्तिक महिनाको ठूलो एकादशीमा ठूलो मेला लाग्दछ। भक्तजनहरुले काली गण्डकीमा स्नान गरी फूल अर्थात तोरण तार्दा पापबाट मुक्ति हुने भन्ने विश्वासका साथ यहाँ मेला गर्न आउने गर्दछन्। नवलपरासी जिल्लाको डेढगाउँ र तनहुँ जिल्लाको घिरिङ सुन्धाराबीच वालीघाट स्थल ऐतिहासिक धरोहरका रुपमा परिचित छ। परापूर्वकालमा वालीघाट वरिपरी नदीको किनारका गुफामा सन्त महन्त रहने गरेको किंवदन्ति छ। यस घाटको दुवै तर्फ रहेका बगैंचा, चौतारा र पाटी पौवाले पनि यो क्षेत्र धार्मिक तथा पर्यटकीय महत्वको स्थानको रुपमा परिचित रहेको स्पष्ट हुन्छ। वालीघाटमा हरिबोधनी एकादशीको दिन मेला लाग्ने र यस मेलामा तोरण तार्ने गरिन्छ। यो एक शवदाह स्थल पनि हो। यो घाटमा नदी वारपार गर्नको लागि सदियौं देखि डुङ्गाको प्रयोग हुँदै आएको छ। झोलुङ्गे पुलको निर्माण २०६८ मा भए लगत्तै डुंगाको प्रयोग कम हुँदै गएको छ । यस घाटको वरिपरी स्थानीय आमा समूहको सकृयतामा स्थानीय जनसहयोगमा वृक्षारोपण गरि आकर्षक बनाईएको छ। धार्मिक तथा पर्यटकीय महत्व बोकेको वालीघाट क्षेत्र संरक्षण र विकास गर्नको लागि वालीघाट क्षेत्र संरक्षण समितीको गठन भएको छ। यस क्षेत्रको राम्रो संरक्षण गर्न सके वालीघाट क्षेत्र यस गाउँपालिकाको प्रमुख धार्मिक तथा पर्यटकीय स्थल बन्न सक्ने देखिन्छ। स्थानीय जानकार र बुद्धिजीवीहरुका अनुसार यो बालीघाट क्षेत्रको बृहततथा एकिकृत रुपमा विकास गर्न सके बौदीकाली गाउँपालिकाका आसपासका ठूला शहरहरु नारायणगढ, पोखरा, बुटवल, पाल्पाबाट ठूलो संख्यामा पर्यटक तथा तिर्थालुहरुलाई भित्र्याउने सकिने देखिन्छ।

### दुर्गा भवानी मन्दिर

यो मन्दिर डेढगाउँ र रकुवाको सिमानामा रहेको अर्को प्रसिद्ध शक्तिपिठ हो। यस मन्दिरमा बडा दशैको फुलपातीको अवसरमा फुलपाती भित्र्याउने र महाअष्टमीमा विशेष पूजा तथा आराधना गर्ने गरिन्छ। कालरात्रीमा महाकालीको विशेष पूजा हुने गर्दछ। प्राकृतिक पोखरी, खोला तथा नदीहरु र हरियाली, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरुको भ्रमण हुने गर्दछ। भौगोलिक कालक्रमको इतिहास सँगै यहाँ बग्ने साना र ठूला खोला तथा नदीहरु र पोखरीहरुको निर्माण हुन गएको छ। यस गाउँपालिकामा रहेको दुर्गा भवानी मन्दिरमा चैत्र पूर्णिमाको दिन मेला लाग्ने गर्दछ। यस गाउँपालिकामा रहेका धार्मिक स्थलहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

यस गाउँपालिकामा स्वच्छ हावापानी लगायत मनोरम दृष्य भएका धार्मिक स्थलहरू, मन्दिर तथा पर्यटकका लागि सम्भावना बोकेको क्षेत्रको रूपमा लिन सकिन्छ। यहाँ भएका पर्यटकीय स्थलहरूलाई

व्यवसायिक रूपमा विकसित गर्न सके यहाँ रोजगारीका अवसरहरू पनि सिर्जना हुने सम्भावना देखिन्छ ।

## २.६ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

यो गाउँपालिकाको प्रमुख पेसा कृषि भएपनि बिस्तारै युवा बैदेशिक रोजगारमा जाने प्रवृति र गाउँपालिकामा १५ वर्ष देखि ५९ वर्षसम्मका आर्थिकरुपले सक्रिय जनसंख्याको विवरण देखाइएको छ । जसमापुरुषको संख्या ३,२१६ (३८.९२ प्रतिशत) र महिलाको संख्या ५,०४८ (६१.०८ प्रतिशत) देखिन्छ। आर्थिक रुपले सक्रिय जनसंख्यामा लैगिंक भिन्नता २२.१७ रहेको छ भने गाउँपालिकाको कुल जनसंख्याको ८,२६४ अर्थात् ५२.५२ प्रतिशत जनसंख्या आर्थिकरुपले सक्रिय छन्। आर्थिक रुपमा आश्रित जनसंख्या ४७.४८ प्रतिशत छन्। जसको विस्तृत विवरण तलको तालिकामा देखाइएको छ ।

तालिका नं. ४: आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

| कुल जनसंख्या | १५ वर्षदेखि ५९ वर्षसम्मका आर्थिकरुपले सक्रिय जनसंख्या | | आर्थिकरुपले सक्रिय जम्मा जनसंख्या |
|---|---|---|---|
| | पुरुष | महिला | |
| १५,७३४ | ३२१६ (३८.९२%) | ५०४८ (६१.०८%) | ८,२६४ (५२.५२%) |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं २०६८*

## २.७ गाउँपालिकामा रहेका सम्भाव्यता र अवसरहरु

गाउँपालिकाको प्रमुख सम्भाव्यताको क्षेत्र भनेको कृषि हो। परम्परागत रुपमा रहेको कृषिलाई आधुनिकीकरण गर्न सकेको खण्डमा यसले रोजगारी तथा आर्थिक हिसाबले महत्वपूर्ण योगदान दिन सक्छ। कृषि बाहेक पर्यटन व्यवसाय पनि यस गाउँपालिकाको अर्को अवसर हुन सक्ने देखिन्छ। गाउँपालिकामा ठूलो संख्यामा रहेको मगर समुदायको संस्कृतिलाई प्रवर्द्धन गर्न सके आन्तरिक तथा बाह्य पर्यटकलाई भित्र्याउन सकिने प्रशस्त सम्भावना रहेको छ। यहाँ घरेलु तथा साना उद्योग व्यवसाय, पर्यटन, जडीबुटी उत्पादन, पशुपालन जस्ता थप आर्थिक विकासका सम्भाव्य क्षेत्रहरू रहेका छन् ।

समग्रमा यस गाउँपालिकाको विभिन्न क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। गाउँपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, अदुवा, अम्रिसो, सुन्तला तथा जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव साथै सो को अधिकतम लागत मूल्यले गर्दा कृषि उत्पादनमा वृद्धि हुन सकेको छैन। जनचेतनाअभिवृद्धि, सीप, विकास तथा उत्पादनको व्यावसायीकरणको साथै आवश्यक मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि गरी आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेका छन्। गाउँपालिकामा रहेको अत्यन्त उर्वर

भूमिमा वैज्ञानिक कृषि प्रणालीको अभाव, जलवायु परिवर्तन तथा वैज्ञानिक योजनाको अभावमा माटोको उर्वराशक्ती क्रमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ।

गाउँपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, मासुजन्य उद्योग, आदि विकास गर्न सकिन्छ। जसबाट रोजगारी श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ। गाउँपालिकाका क्षेत्रमा प्रसिद्ध काली गण्डकी नदी तथा खोलाहरु भएको र थप केही अन्य ठाउँहरूमा पोखरी निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने सम्भावना रहेको छ।

गाउँपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नति गर्न थप टेवा पुग्ने देखिन्छ।

आर्थिक कृयाकलाप सुस्त गतिमा चलायमान हुनु, आर्थिक वृद्धिदर न्यून हुनु, लामो राजनीतिक अस्थिरता, प्राकृतिक प्रकोप जस्ता कारणले देशव्यापी रुपमा बेरोजगारीको समस्या बढ्दो छ। यस्तो अवस्थाबाट बौदीकाली गाउँपालिका समेत अप्रभावित रहन सक्दैन। सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू उपलब्ध हुन नसक्दा बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस गाउँपालिकाका उर्जावान युवाहरूलाई सिपमुलक तालिम प्रदान गरी देशमै रोजगारीका अवसरहरु श्रृजना गर्न सके गाउँपालिकाको आर्थिक विकासमा ठुलो योगदान पुग्ने देखिन्छ।

- बौदीकालीगाउँपालिकाकच्ची सडकको स्तर वृद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले सहज यातायात भरपुर सुबिधा लिनुका साथै समग्र गाउँपालिकाको विकास र सुन्दरतामा वृद्धि हुन सक्छ।
- तरकारी, पशुपालन, मुख्य गरी अदुवा, अम्रिसो,सुन्तला तथा अन्य कृषि उत्पादनलाई नजिकका शहरहरूमा बजारीकरण गर्न समस्या नभएकोले व्यवसायिक कृषि उत्पादनलाई जोड दिनु सहज तथा उचित देखिन्छ।
- गाउँपालिका क्षेत्रमा कृषिमा आधारित उद्योग तथा थप औद्योगिक विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी वृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ।
- यस क्षेत्रमा विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरु रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ।
- सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरु यस क्षेत्रमा क्रियाशिल रहेकाले गाउँपालिकाको विकासमा

साझेदार हुन सक्ने देखिन्छ ।

- गाउँपालिका क्षेत्रमा उपभोक्ताहरुको संख्या वृद्धि भैरहेको सन्दर्भमा व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ ।

## २.८ गाउँपालिकाको समस्या, चुनौती, अवसर र सम्भावनाहरु

यस बौदीकालीगाउँपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान चुनौती तथा समस्याहरूलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ ।

### अवसर तथा सम्भावनाहरु

#### क) पर्यटनको विकास र राजस्वमा वृद्धि :

- गाउँपालिका भित्र विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्र भएको कारणले यहाँ पर्यटनको विशिष्ट सम्भावना रहेको छ। पर्यटकका लागि आवश्यक पूर्वाधारको विकास गरी होटेल व्यवसायहरु तथा अन्य व्यापारबाट लाभ लिन सकिने सम्भावना रहेको छ।
- उत्तर काली गण्डकी नदीको किनार देखि महाभारत पर्वत श्रृखंला सम्म फैलिएको यो गाउँपालिका पर्यटकिय सम्भावना बोकेको क्षेत्र हो ।
- यस पालीकामा समथर जमिन देखि लिएर १८०० मिटर सम्मको उचाइका पहाडहरु रहेका छन् । यस पालिकामा निम्नानुसार पर्यटनको विकास गर्न सकिन्छ ।
- कालिगण्डकी नदीमा ऱ्याफ्टीङ्ग गर्न संभावना अध्ययन गर्ने ।
- त्यहांको वडा नं.२ मा रहेको आदिवासी जनजाती दराई जातिको वस्ति भएकोले तिनीहरुको कला, संस्कृति जोगाउने एंव जिवनस्तर उठाउनको लागि होमस्टेलाई प्रवद्धन गर्ने ।त्यसको लागि गाउँपालिकाले विशेष सहयोग गर्ने ।दराईघरलाई पर्यटनको आकर्षक केन्द्रको रुपमा विकास गर्ने ।
- वडा नं.२ मा रहेको अकला मन्दिरलाई व्यवस्थित गरी त्यसको व्यापक प्रचार प्रसार गरी धार्मिक पर्यटकहरुलाई आकर्षित गर्ने ।
- वडा नं.२ मा रहेको घोल खेतलाई व्यवस्थीत रुपले योजना बनाएर सुन्दर तालको निर्माण गर्न सकियो भने त्यसले पक्कै पनि पर्यटकहरुको आकर्षण केन्द्रको रुपमा विकसित हुनसक्छ ।
- वालिघाटकोराम्रो संरक्षण गर्न सके यस गाउँपालिकाको प्रमुख धार्मिक तथा पर्यटकीय स्थल बन्न सक्ने देखिन्छ ।
- यस गाउँपालिकामा एउटा View Towerको व्यवस्था गर्न सकेमा पर्यटकलाई आकर्षक गर्न सकिन्छ। त्यसकारण View Towerराख्दा गाउँपालिका सम्पुर्ण ठाउँहरु देखिने ठाउँमा राख्दा उपर्युक्त हुन्छ ।यसको लागि वडा नं.१ को मिथुकरमको मौलाकाली डांडा वा वडा नं.२ मा पर्ने डांडाको अग्लो ठाउँ जाहांबाट सम्पुर्ण गाउँपालिहरुमा वस्तीहरु एंव हिमश्रृखंलाहरु प्रष्टसँग देख्न सकिन्छ त्यस ठाउँमा राख्दा उपयुक्त हुन्छ ।

- अकला मन्दिरको नजिक रहेको अकला गुफालाई सरसफाई गर्ने सिंढी एंव वत्तिको व्यवस्था गर्न सकेमा त्यसबाट नियमित आम्दानी हुने देखिन्छ ।
- समग्रमा एउटा पर्यटन गुरुयोजना बनाएर त्यसै गाउँपालिकाका सम्भावित ठाउँहरु मिलाएर एउटा पर्यटन केन्द्रको रुपमा विकसित गर्न सकिने सम्भावना छ ।

## ख) कृषिको विकास गरी राजस्वमा बृद्धि :

- सिंचाइको प्रशस्त सुविधा भएको र उर्वर जमिन भएकोले यो गाउँपालिकामा कृषिको प्रचुर सम्भावना छ ।
- खास गरेर तरकारी, फलफुल, जडीबुटीको माध्यमबाट प्रशस्त आम्दानी गर्न सकिन्छ । यसलाई व्यवसायिक रुपमा प्रयोग गर्न सकेमा त्यसबाट राजस्वमा बृद्धि गर्न सकिन्छ । त्यसमा पनि तरकारीमा अर्गानिक तरकारी उत्पादन गर्न सकेमा फाइदा पुग्ने देखिन्छ
- पशुपालन व्यवसायलाई व्यवसायीक रुपमा अघि बढाउने । त्यसमा पनि बाखा पालन, बङगुर पालन र अन्य पशुपालनको संभायता अध्ययन गर्नु उपयुक्त हुन्छ ।
- माछापालन व्यवसाय गरेमा अन्य क्षेत्रबाट आयात हुने माछा प्रतिस्थापन भई गाउँपालिकाकै माछा निर्यात गरी आर्थिक उपार्जन गर्न सक्ने देखिन्छ ।
- बौदीकाली गाउँपालिकामा कृषि पेशा अंगाल्ने मानिसको संख्या उच्च छ तसर्थ यसलाई मध्यनजर गर्दै आधुनिक कृषि प्रणाली, आधुनिक मेसिन तथा औजारहरुको प्रयोग, आधुनिक सिप हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।

## ग) प्राकृतिक साधनको उपयोग गरी राजस्वमा वृद्धिः

- यस गाउँपालिकामा कालिगण्डकीको तटबाट प्रशस्त वालुवा र गिट्टी निकालेर त्यसको व्यवसायीक उपयोग गर्न सकिन्छ । वातावरणलाई प्रतिकुल असर नपर्ने गरि नदि किनार एंव अन्य खोलाहरुको गिट्टी वालुवालाई प्रयोगमा ल्याई आम्दानी बढाउनसकिन्छ ।
- यस गाउँपालिकामा नाङ्गा पहाडहरुमा अम्रिसो लगाएर प्रशस्त आम्दानी भएको देखिन्छ । यसलाई अन्य ठाउँहरुमा पनि विस्तार गने सकिन्छ ।
- अन्य ठाउँहरुमा त्यहांको हावा पानी र भूवनोटको अध्ययन गरि अन्य गैह्र काष्ठजन्य वनस्पति पनि लगाउनु उपर्युक्त देखिन्छ ।
- वैदेशिक रोजगारमा जाने क्रम बढदै गइरहेको सन्दर्भमा गाउँपालिकाका युवाहरूलाई व्यवसायिक तथा सिपमुलक तालिम प्रदान गरी दक्ष उद्यमशिलता विकास गर्न सकेमा गाउँपालिकाको आर्थिक

विकासमा योगदान पुग्ने सम्भावना देखिन्छ।

## समस्या तथा चुनौतीहरु

- कृषियोग्य भूमि भएतापनि वैज्ञानिक र व्यवसायिक खेतीको विकास हुन नसक्नु ।
- धार्मिक तथा पर्यटकीय हिसाबले अग्र भएतापनि उचित व्यवस्थापन हुन नसक्नु ।
- गाउँपालिकाका प्रत्येक वडाहरुमा स्वास्थ्य चौकि भएतापनि आधारभूत प्रकृतिका औषधिको कमि हुनु ।
- बौदीकालीगाउँपालिकाले राष्ट्रिय स्तरका खेलाडी जन्माइसेकेको छ तर खेलकुद सम्बन्धी पूर्वाधारको उचित व्यवस्था हुन नसक्नु ।
- बौदीकाली गाउंपालिकमा कला, सँस्कृतिको अध्ययन र संरक्षणको अभाव हुनु ।
- विकास निर्माणको काममा अर्थपूर्ण जनसहभागिताको कमि ।
- सार्वजनिक निर्माण र विकासमा सम्बन्धित निकायहरुको समन्वयको अभाव ।
- गाउँपालिकाको क्षेत्रभित्र आवश्यक रोजगारमुलक उद्योगधन्दा, कलकारखाना नहुनु ।
- गाउँपालिका क्षेत्रमा खानेपानी उचित व्यवस्थापन हुन नसक्नु ।
- आयश्रोतको कमिले गाउँपालिकाको मानव विकासकोप्रकृयामा समस्या उत्पन्न हुनु ।

# भाग ३
# आन्तरिक आय परिचालन सम्बन्धी कानूनी व्यवस्था

## ३.१ स्थानीय कर, सेवा शुल्क, दस्तुर, राजश्व बाँडफाँडका स्रोतहरु

स्थानीय तहको आर्थिक ऐनको नमूना ,२०७५ मा उल्लेखित अधिकार अन्तर्गत गाउँपालिकाले आफ्नो क्षेत्रबाट संकलन गर्ने कर रकम स्थानीय कर अन्तर्गत पर्दछ ।

### क) सम्पत्ति कर

गाउँ परिषदबाट स्वीकृत भए बमोजिम गाउँक्षेत्र भित्रको सम्पत्तिमा लगाइने सम्पत्ति कर / घर जग्गा करको रकम यसमा पर्दछ ।

### ख) भूमि कर

सरकारले भूमिको स्वामित्वमा रहेका नागरिकहरूबाट असूल उपर गर्ने करलाई भूमि कर भनिन्छ ।

### ग) घर बहाल कर

गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड (छप्पर), कारखाना, जग्गा वा पोखरी, पूरै वा आँशिक रुपमा बहालमा दिएकोमा सम्बन्धित धनीबाट संकलन गरिने बहाल कर यसमा पर्दछ ।

### घ) व्यवसाय कर

गाउँपालिकाक्षेत्र भित्र संचालन गरिएका व्यापार एवं व्यवसायबाट संकलन गरिने व्यवसाय कर यसमा पर्दछ ।

### ङ) जडिबुटी, कवाडी र जीवजन्तु कर

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो,जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्यमृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत लगाइने र असूल उपर गरिने करहरु यसमा पर्दछन् ।

### च) सवारी साधन कर

गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा लगाइने र असुल उपर गरिने कर यसमा पर्दछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

### छ) विज्ञापन कर

गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा लगाइने र असूल उपर गरिने कर यसमा पर्दछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

### ज) मनोरन्जन कर

गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा लगाइने र असुल उपर गरिने कर यसमा पर्दछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

### झ) बहाल बिटौरी

गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा पसलमा बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिने शुल्क बहाल बिटौरी शुल्क हो।

### ञ) ट्रेकिङ्ग, हाइकिङ्ग जस्तो पर्यटनका संभावना भए त्यसमा लगाइने शुल्क

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, एंव सेवा वा व्यवसाय सचालन गरेवापत लगाइने र असूल उपर गरिने शुल्क यस अन्तर्गत पर्दछ।

### ट) सेवा शुल्क, दस्तुर

गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट असूल उपर गरिने शुल्क यसमा पर्दछन् ।

### ठ) पर्यटन शुल्क

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट उपर गरिने शुल्क पर्यटन शुल्क हो। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

## ३.२ राजश्व परामर्श समिति

### क) स्थानीय तहको

योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७५ मा उल्लेखित प्रावधान अनुसार नेपालको संविधान र प्रचलित कानूनको अधिनमा रही स्थानीय तहले आफ्नो कार्य क्षेत्र भित्र परिचालन गर्न सक्ने राजश्वको अनुमान गर्ने प्रयोजनका लागि देहाय बमोजिमको एक राजश्व परामर्श समितिको गठन हुनेछ।

| | | | |
|---|---|---|---|
| (क) | गाउँपालिका उपप्रमुख | - | संयोजक |
| (ख) | गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य |
| (ग) | गाउँपालिकाले तोकेको एक महिला सहित २ जना सदस्य | - | सदस्य |
| (घ) | स्थानीय उद्योग र बाणिज्य संघको प्रमुख वा प्रतिनिधि | - | सदस्य |
| (ङ) | गाउँपालिकाको राजश्व विभाग/शाखा प्रमुख | - | सदस्य-सचिव |

समितिले राजश्व बजेट तथा लेखा क्षेत्रमा दक्षता भएका सम्बन्धित स्थानीय तहको क्षेत्र भित्रका दुई जना विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

### ३.२.१ राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) राजश्व सम्बन्धी नीति तथा कानून तर्जुमा , संशोधन , परिमार्जन र सोको परिचालनका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने ।

(ख) राजश्वका श्रोत, दायरा र दर समेतको बिश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने ।

(ग) राजश्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको बिश्लेषण र अनुमान गर्ने ।

(घ) स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीति अवलम्वन गर्न परामर्श दिने ।

(ङ) कर राजश्व, गैरकर राजश्व, सेवा शुल्क, दस्तुर आदिको दर निर्धारण गरी सिफारिस गर्ने ।

(च) राजश्व प्रशासन सुधारका लागि अन्य आवश्यक सुझावहरु पेश गर्ने ।

# भाग ४
# आय तथा खर्चको विश्लेषण

## ४.१ आन्तरिक आयको पृष्ठभूमि

नेपालको संविधान २०७२ को भाग १९ को स्थानीय आर्थिक कार्यप्रणाली अन्तर्गत धारा २२८ को उप धारा २ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति , वस्तु तथा सेवाको ओसारपसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने कानून बनाई कर लगाउन सक्नेछ भनी उल्लेख भएको छ।बौदीकालीगाउँपालिकाको हकमा आन्तरिक आय भन्नाले स्थानीय तहको अर्थ विद्येयकको नमूना २०७५ ले प्रावधान गरेका आय स्रोतबाट संकलित रकम, नेपाल सरकारबाट बौदीकालीगाउँपालिकालाई अनुदानबाट प्राप्त हुने रकम तथा अन्य बिशेष प्रकृतिका अनुदान, नेपाल सरकारबाट राजश्व बाँडफाँड बापत प्राप्त हुने रजिष्ट्रेशनको रकम र जिल्ला समन्वय समितिबाट प्राप्त हुने राजश्व बाँडफाँडको रकमलाई जनाउँछ। तर यस अध्ययनमा बौदीकालीगाउँपालिकाले नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी स्थानीय सरकार संचालन ऐन २०७४ र स्थानीय तहको आर्थिक ऐनको नमूना २०७५ बमोजिम उठाउन पाउने कर, सेवा शुल्क, दस्तुर र बिक्रीलाई नै केन्द्रित गरिएको छ।

## ४.२ आन्तरिक आयको बिश्लेषण

(क) बौदीकालीगाउँपालिकाको आ.व.२०७३/०७४ आ.व.०७४/०७५ को स्थानीय कर,सेवा शुल्क, दस्तुर, बिक्री, राजश्व बाँडफाँड आदिको स्थिति :

### ४.२.१ स्थानीय कर :

नेपालको संविधान २०७२ को अनुसूची ८ र स्थानीय तहको आर्थिक ऐनको नमूना २०७५ बमोजिम गाउँपालिकाले जम्मा ९ किसिमका स्रोतहरुमा स्थानीय कर लगाउन सक्ने व्यवस्था छ। यी प्रावधान अनुसार बौदीकालीगाउँपालिकाले कर लगाउने निर्णय गरेतापनि हाल सम्म यस सम्बन्धमा उल्लेखनीय रुपमा कर उठाउन नसकिएको देखिन्छ।

### ४.२.२ सेवा शुल्क

नेपालको संविधान २०७२ अनुसूची ८ र स्थानीय तहको आर्थिक ऐनको नमूना २०७५ बमोजिम गाउँपालिकाले जम्मा ४ किसिमका स्रोतहरुमा सेवा शुल्क लगाउने तथा असुल उपर गर्न सक्ने व्यवस्था छ। यस गाउँपालिकाले सेवा शुल्कका केही स्रोतहरुबाट सेवा शूल्कवापत रकम संकलन गरेको अभिलेखबाट देखिन्छ।

### ४.२.३ दस्तुर

नेपालको संविधान २०७२ अनुसूची ८, स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन र स्थानीय तहको आर्थिक ऐनको नमूना २०७५ बमोजिमगाउँपालिकाले विभिन्न सेवाहरु प्रदान गरेवापत सिफारिस तथा

प्रमाणित दस्तुर लगाउन तथा असुल उपर गर्न पाउने प्रावधानहरु छन् ।यसमा नगन्य रकम मात्र प्राप्त भएको देखिन्छ ।

### ४.२.४ विक्री

गाउँपालिका अर्थात स्थानीय निकायले निश्चित बस्तुहरु जस्तै नक्सा फाराम, बोलपत्र फाराम, मालसामान लिलाम विक्रि र अन्य वस्तुहरु विक्रिगरी आम्दानी गर्न सक्ने अधिकार रहेको छ। यस गाउँपालिकाले बिक्रीबाटभवन निर्माण नक्शा फाराम बिक्रीलाई उचित व्यवस्था गर्न सके बिक्री रकम बृद्धि गर्न सकिने सम्भावना देखिन्छ ।

### ४.२.५ दण्ड जरिवाना

कानूनको अधिनमा रही गाउँपालिकाले कानून उलंङ्घन गर्ने कुनै व्यक्ति वा संस्थाबाट असूल उपर गर्ने निश्चित रकम नै दण्ड जरिवाना रकम हो। विगत दुई वर्षमा यस अन्तर्गत खासै रकम प्राप्त भएको देखिदैन ।

### ४.२.७ राजश्व बाँडफाँडबाट प्राप्त आय

यस गाउँपालिकाले आ.व २०७४/०७५ मा रु.६,५८,०००।- रकम आन्तरीक आयको रुपमा संकलन गरेको छ। यसै आर्थिक वर्षमा वित्तीय समानिकरण अनुदान अन्तर्गत रु. १३,२२,६५००००।- प्राप्त भएको थियो भने शसर्त अनुदान तर्फ रु.८,४२,७७,०००।- प्राप्त भएको देखिन्छ। यसरी चालु आ.व.मा गाँउपालिकाको कुल आम्दानी रु.२१७,२००,०००।- रहेको छ। यसलाई तलको तालिकामा देखाईएको छ।

तालिका नं. ५: आ.व २०७४।०७५गाउँपालिकाको आम्दानीको स्थिति

| क्र.स. | आम्दानिको शिर्षक | रकम |
|---|---|---|
| १ | समानिकरण अनुदान | १३,२२,६५,००० |
| २ | शसर्त अनुदान | ८,४२,७७,००० |
| ३ | आन्तरीक आय | ६,५८,००० |
| कुल आम्दानी | | २१७,२००,००० |

*स्रोत:बौदीकालीगाउँपालिकाको अभिलेख*

## ४.३ आन्तरिक आयको खर्चको विश्लेषण

बौदीकालीगाउँपालिकाले आम्दानीका दायराहरुलाई बढाई वृद्धि गर्नुका साथसाथै प्राप्त आम्दानीलाई के कस्तो प्राथमिकताका आधारमा खर्च गर्दा न्यायोचित हुन्छ भन्ने कुरालाई ध्यान दिनु जरुरी हुन्छ। यस सन्र्दभमा गाउँपालिकाले विगतका वर्षहरुमा संकलन गरेको आन्तरिक आयको आम्दानी मध्ये पूँजीगत शीर्षकमा भएको खर्च र प्रशासनिक कार्यमा भएका खर्चको विश्लेषण गर्नु जरुरी हुन्छ ।गाउँपालिकाका नागरिकहरुलाई सन्तुष्ट गर्न यस गाउँपालिकाको व्यवस्थापनले आन्तरिक आयबाट विकास कार्यको लागि अर्थात पूँजीगत तर्फ खर्च बृद्धि गर्न ध्यान दिनु पर्दछ र पूँजीगत तथा प्रशासनिक कार्यमा भएको खर्चको विवरण गाउँ सभाको बैठकमा सार्वजनिक गर्ने संस्कार बसाउन सुझाव गरिन्छ ।

तालिका नं. ६: आन्तरिक आयको खर्चको विवरण (रु.मा)

| आ.व. | पूंजीगत खर्च (रु.) | प्रशासनिक खर्च (रु. मा) | कूल खर्च |
|---|---|---|---|
| २०७३/०७४ | २०,००,००० | ८०,००,००० | १,००,००,००० |
| २०७४/०७५ | ११,००,००,००० | २,३५,२३,००० | १३, ३५,२३,००० |

# भाग ५
# राजश्व प्रक्षेपण

## ५.१ राजश्व प्रक्षेपणकोआवश्यकता

बौदीकाली गाउँपालिकाले आन्तरिक आयलाई सकेसम्म यथार्थपरक र वास्तविकतामा आधारित बनाउनु नै राजश्व प्रक्षेपणको मुख्य उद्देश्य हो । राजश्व प्रक्षेपण कार्यले बौदीकाली गाउँपालिकाको आन्तरिक आयको सबै संम्भाव्य क्षेत्रहरुको खोजी गर्दछ। त्यस्ता संम्भाव्य स्रोतहरुको परिचालनमा रहेका वाधाहरुको खोजी गर्न समेत मद्दत गर्दछ। यसरी आन्तरिक राजश्वका सम्भाव्य स्रोतहरु पत्ता लगाई राजश्व असुल गर्दा गाउँपालिकाको आन्तरिक स्रोतमा पर्याप्त बृद्धि हुने र अनुमान गरिए अनुरुप राजश्व संकलन भै स्रोत परिचालनमा दक्षता हांसिल हुन सक्दछ। यसबाट बौदीकाली गाउँपालिकाको स्वीकृत विकास योजनाहरुमा स्रोतको सुनिश्चिततासंगै गाउँपालिकाप्रति जनविश्वास समेत बृद्धि हुन सक्छ। यस पद्धतिले यस गाउँपालिकालाई आर्थिक स्रोतमा आत्मनिर्भर बन्नमा समेत योगदान गर्दछ। यी सवै उद्देश्यका लागि नै राजश्व प्रक्षेपण सम्बन्धी कानूनी व्यवस्था समेत गरिएको हो । यसै व्यवस्थालाई व्यवहारमा उतार्ने सन्दर्भमा नै यस अध्ययनमा बौदीकालीगाउँपालिकाको आगामी तीन वर्षको आन्तरिक आयको प्रक्षेपण गरिएको छ ।

## ५.२ आय प्रक्षेपणका आधारहरु

प्रचलित कानूनमा उल्लेख प्रावधान अनुरुप बौदीकालीगाउँपालिकाले ठेक्का वन्दोवस्त गर्नुपूर्व प्रत्येक आन्तरिक आय स्रोतको उपलब्धता, सम्भावित परिचालनका क्षेत्र, सो स्रोतको परिचालनको व्यवस्थापन, लागत र चालु वर्षको ठेक्का अंक समेत विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्यूनतम ठेक्का अंक कायम गर्नु पर्दछ। यी सवै पक्षहरुमा गहन विचार नगरी आयको प्रक्षेपण गर्दा आन्तरिक आय अनुमान वास्तविक अनुमानयोग्य र यथार्थपरक हुन सक्दैन। जसबाट बौदीकालीगाउँपालिकाको समग्र विकास योजना नै प्रभावित हुन सक्छ।

### (क) स्रोतको उपलब्धता तथा कानूनी आधार

आन्तरिक आय प्रक्षेपण गर्दा ध्यान दिनुपर्ने महत्वपूर्ण पक्षनै स्रोतका उपलब्धता तथा कानूनी आधार

हो । करका क्षेत्रको सम्भावना र कानूनी आधार थाहा नपाई लगाएको कर संकलन गर्न सकिदैन । यसबाट गाउँपालिकाको प्राप्त हुन सक्ने राजश्व समेत प्राप्त नभई राजश्व असुलीमा विबाद उत्पन्न हुने र समग्रमा गाउँपालिकाको आर्थिक अनुशासन नै खलबलिन पुग्ने संभावना रहन्छ ।

### (ख) बाह्य प्रभाव

राजश्व प्रक्षेपणमा ध्यान दिनु पर्ने अर्को पक्ष सम्भाव्य स्रोत परिचालनमा भविष्यमा पर्न सक्ने बाह्य प्रभाव पनि हो । यस्तो बाह्य प्रभाव प्राकृतिक, आर्थिक, राजनीतिक, वातावरणीय, कानूनी आदि जुनसुकै प्रकृतिको पनि हुन सक्छ । यस्तो बाह्य प्रभावले गाउँपालिकाको अनुमानित राजश्व असुलीमा प्रत्यक्ष प्रभाव पार्ने हुंदा आन्तरिक आयको प्रक्षेपण गर्दा यसमा पर्न सक्ने बाह्य प्रभावको समेत विचार गरी आय परिचालनको यथार्थ संभावनालाई मात्र समावेश गरिनु पर्ने हुन्छ । नयां स्रोत खोजी गरी प्रथम पटक राजश्व असुली गर्दा देखा पर्न सक्ने समस्याहरुलाई पनि विचार पुऱ्याउनु पर्दछ । यस बाहेक कुनै पनि स्रोत असुली गर्दा केही लागत लाग्ने हुंदा आन्तरिक आयको प्रक्षेपण गर्दा त्यस्तो स्रोत असुलिमा लाग्न सक्ने खर्चतर्फ पनि विचार गर्नु पर्दछ ।

### (ग) विगतको यथार्थ आय

आन्तरिक आयको प्रक्षेपणमा ध्यान दिनु पर्ने अर्को पक्ष विगत वर्षहरुमा गाउँपालिकाको आन्तरिक आयका प्रत्येक स्रोतबाट प्राप्त गर्ने गरेको यथार्थ आय पनि हो । हालका वर्षहरुमा कुनै खास स्रोतको यथार्थ अवस्था के छ भन्ने कुराले पनि त्यस्तो स्रोतको भविष्यलाई धेरै हद सम्म प्रभाव पार्ने हुंदा आन्तरिक आयको पूर्वानुमान गर्दा त्यस तर्फ पनि विचार गर्नु आवश्यक हुन्छ । त्यस बाहेक राजश्व असुलीमा स्थानीय सम्बद्ध पक्षहरु जस्तै उद्योग वाणिज्य संघ आदि संग सहकार्यको सम्भावना तथा कर तिर्ने पक्षको सहमति असहमति जस्ता पक्षहरुमा पनि उत्तिकै ध्यान दिनुपर्ने हुन्छ ।

### समष्टिमा आय प्रक्षेपण गर्दा निम्न बुंदाहरुलाई ध्यान दिनु जरुरी हुन्छ :

- कर, शुल्क, दस्तुर आदि विभिन्न शीर्षकमा कम्तीमा विगत ३ वर्षमा भएको खुद आयको लेखाजोखा गर्ने ।
- करका दरहरुमा पुनरावलोकनको सम्भावना वारे विचार विमर्श गर्ने ।
- कर योग्य क्षेत्रहरुको खोजी तथा पहिचान गर्ने ।
- कानूनले निर्धारण गरेका मध्ये कुन कुन क्षेत्र करको दायरामा छन् र कति बाहिर छन् त्यसको लेखाजोखा गर्ने ।
- करदाताहरुको कर तिर्ने ईच्छाको अध्ययन गर्ने ।
- करदाताहरुको कर तिर्न सक्ने क्षमताको अध्ययन गर्ने ।
- नेपाल सरकारबाट प्राप्त हुने राजश्व बांडफांडको अवस्था अध्ययन गर्ने ।

- मौजुदा जनशक्ति, संख्या, क्षमता र सीप वारे अध्ययन गर्ने ।
- राजश्व परामर्श समितिको पछिल्लो अध्ययन र सिफारिसलाई मध्यनजर राख्ने ।
- सहभागितात्मक पद्दतिको अवलम्बनमा जोड दिने ।
- करदातालाई सुसूचित गर्ने विषयलाई महत्व दिने ।

यस अध्ययनको सिलसिलामा बौदीकाली गाउँपालिकाको आन्तरिक आय बृद्धिका लागि सकेसम्म यिनै आधारहरुलाई ध्यानमा राखी सिफारिस गर्ने प्रयास गएिको छ ।

## ५.३ आ.व.२०७४/०७५ का लागि स्वीकृत राजश्वका दररेट

स्थानीय सरकार सञ्चालन ऐन २०७४ र यस बौदीकालीगाउँस्तरीय राजश्व परामर्श समितिको सिफारिश बमोजिम तपसिलमा उल्लेखित दररेटमा कर, सेवा शुल्क तथा दस्तुर स्वीकृत गरी मालपोत तथा भूमिकरको हकमा आगामी आ. व. ०७४/०७५ देखिसम्पती कर नलागुन्जेल सम्मका लागी र अन्य करदस्तुरको हकमा चालु आ. व. ०७५/०७६ को साउन १ गते देखि नै गाउँपालिकालाई देहाय वमोजिमको कर,शुल्क तथा दस्तुर लिन निर्देशन गर्ने निर्णय गऱ्यो ।

## ५.४ कर तथा दस्तुर

गाउँपालिकाको आन्तरीक राजश्वलाई सुदृढ गर्नको लागि निम्नानुसारका कर तथा दस्तुरहरु लगाउन प्रस्ताव गरिन्छ ।

### ५.४.१ मालपोत तथा भूमि कर

**गाउँपालिकाको आय (आन्तरिक तथा वाहृय) सम्बन्धी विवरण:**

आगामी आर्थिक वर्षमा निम्नानुसार सिफारीस तथा सेवा शुल्कहरु लगाउन सकिने देखिन्छ ।

तालिका नं. ७: सिफारिश तथा अन्य सेवा शुल्कको दर

| क्र.सं. | सेवा सुविधाको नाम | लाग्ने दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | घर जग्गा नामसारी सिफारिस | १०००।- | सरजमिन गर्ने भए ५००।- |
| ३ | घर कायम सिफारिस | १०००।- | |
| ४ | छात्रवृत्ति सिफारिस | १००।- | |
| ५ | विपन्न विद्यार्थी छात्रवृत्ति | ५०।- | |
| ६ | अपाङ्ग सिफारिस | १०।- | |
| ७ | अस्थायी बसोबास सिफारिस | ५००।- | |

| क्र.सं. | सेवा सुविधाको नाम | लाग्ने दस्तुर | कैफियत |
|---|---|---|---|
| ८ | स्थायी बसोबास सिफारिस | १०००।- | |
| ९ | नागरिकताको सिफारिस<br>नागरिकताको प्रतिलिपी सिफारिस | २००।-<br>५००।- | |
| १० | अङ्गीकृति नागरिकता सिफारिस | १०००।- | |
| ११ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | प्रति लाख १००।- | |
| १२ | आर्थिक अवस्थाकमजोर वाविपन्न प्रमाणित | ५०।- | |
| १३ | विद्युत जडान सिफारिस | ५०।- | |
| १४ | धारा जडान सिफारिस | ५०।- | |
| १५ | जिवित रहेको सिफारिस | १०००।- | |
| १६ | दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस /फरक जन्ममिति संशोधन सिफारिस | ५००।- | |
| १७ | जग्गा मुल्याङ्कन सिफारिस प्रमाणित | १००।-प्रति लाख | |
| १८ | व्यवसाय बन्द सिफारिस | स्थानीय ५००।-<br>अन्य १०००।- | |
| १९ | व्यवसाय सञ्चालन नभएको सिफारिस | स्थानीय ५००।-<br>अन्य १०००।- | |
| २० | व्यापार व्यवसाय नभएको सिफारिस | स्थानीय ५००।-<br>अन्य १०००।- | |
| २१ | कोर्ट फि मिनाहा सिफारिस | १००।- | |
| २२ | नाबालिक परिचयपत्र सिफारिस | १००।- | |
| २३ | चौपाया सम्बन्धि सिफारिस | राँगा भैंसी २५०।-<br>खसी बोका ५०।-<br>कुखुरा प्रति गोटा १०।- | |

| क्र.सं. | सेवा सुविधाको नाम | लाग्ने दस्तुर | कैफियत |
|---|---|---|---|
| २४ | व्यवसाय दर्ता सिफारिस | साना तथा घरेलु ५००।-<br>मध्यम १०००।-<br>ठूला २०००।- | |
| २५ | उद्योग ठाउँसारी सिफारिस | गा.पा. भित्र २५००<br>अन्यत्र गए ५००० | |
| २६ | विद्यालय ठाउँसारी सिफारिस | ५०००।- | |
| २७ | आन्तरिक बसाईसराई सिफारिस | गा.पा. भित्र १००।-<br>अन्यत्र ५००।- | |
| २८ | विद्यालय सञ्चालन स्वीकृति कक्षा बृद्धि सिफारिस | निजी ५०००।-<br>सामुदायिक ५००।- | |
| २९ | व्यक्तिगत विवरण सिफारिस | १००।- | |
| ३० | जग्गादर्ता सिफारिस | १०००।- | |
| ३१ | संरक्षक सिफारिस व्यक्तिगत | १००।- | |
| ३२ | संरक्षक सिफारिस संस्थागत | ५००।- | |
| ३३ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | १००।- | |
| ३४ | जिवित संगको नाता प्रमाणित | अंग्रेजी सिफारिस ५००|-<br>नेपाली सिफारिस २००|- | |
| ३५ | मृतक संगको नाता प्रमाणित | ५००।- | |
| ३६ | कोठा खोल्न कार्य रोहबरमा बस्ने कार्य | १००।- | |
| ३७ | निःशुल्क वा सःशुल्क स्वास्थ्य उपचार सिफारिस | ५०।- | |
| ३८ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने कार्य | १००।- | |
| ३९ | संस्थादर्ता सिफारिस | १०००।- | |
| ४० | घरबाटो प्रमाणित | मुख्य बाटो ५००|- | |

| क्र.सं. | सेवा सुविधाको नाम | लाग्ने दस्तुर | कैफियत |
|---|---|---|---|
| | | सहायक बाटो ४००।-<br>कच्ची बाटो ३००।-<br>सडकले नछोएको २००।- | |
| ४१ | चार किल्ला प्रमाणित | १०००।- | |
| ४२ | जन्ममिति प्रमाणित | १००।- | |
| ४३ | विवाह प्रमाणित | ५००।- | |
| ४४ | घर पाताल प्रमाणित | १०००।- | |
| ४५ | कागज मञ्जुरी नामा प्रमाणित | २५०।- | |
| ४६ | हकवाला वा हकदार प्रमाणित | १०००।- | |
| ४७ | अविवाहित प्रमाणित | ५००।- | |
| ४८ | जग्गा रेखाङ्कन तथा अन्य कार्यमा रोहबर | ५००।- | |
| ४९ | जग्गाधनी पुर्जा हराएको सिफारिस | ५००।- | |
| ५० | पुर्जा घर कायमगर्ने सिफारिस | ५००।- | |
| ५१ | अंग्रेजी सिफारिस तथा प्रमाणित | ५००।- | |
| ५२ | मिलापत्र कागज उजुरी दर्ता | प्रतिपक्ष २००।- | |
| ५३ | एकिकृत सम्पत्ति कर, घर जग्गा कर | | |
| ५४ | बहाल कर | १०% | |
| ५५ | विज्ञापन कर | | |
| ५६ | मालपोत वा भुमिकर | न्यूनतम् मालपोत दर रु. २५/- | |
| (क) | २० रोपनी भन्दा कम जग्गामा | अवल, दोयम जग्गामा (प्रति रोपनी दर) | सिमचार जग्गामा ( प्रति रोपनी दर) |
| | खेत | ५/- | ३/- |
| | पाखो | ३/- | २/- |
| (ख) | २० रोपनी भन्दा माथि ४० रोपनी भन्दा | अवल, दोयम जग्गामा (प्रति | सिमचार जग्गामा ( |

| क्र.सं. | सेवा सुविधाको नाम | लाग्ने दस्तुर | कैफियत |
|---|---|---|---|
| | कम जग्गामा | रोपनी दर) | प्रति रोपनी दर) |
| | खेत | १०/- | ७/- |
| | पाखो | ७/- | ५/- |
| (ग) | ४० रोपनी भन्दा माथिको जग्गामा | अवल, दोयम जग्गामा (प्रति रोपनी दर) | सिमचार जग्गामा ( प्रति रोपनी दर) |
| | खेत | १५/- | १०/- |
| | पाखो | १०/- | ७/- |
| ५७ | जन्मदर्ता | ३५ दिन सम्म नि:शुल्क<br>३५ दिन-तीन महिना १००।-<br>तीन महिना पछाडि ५००।- | |
| ५८ | मृत्यु दर्ता | ३५ दिन सम्म नि:शुल्क<br>३५ दिन-तीन महिना १००।-<br>तीन महिना पछाडि ५००।- | |
| ५९ | बसाई-सराई जाने आउने दर्ता | ३५ दिन सम्म नि:शुल्क<br>३५ दिन-तीन महिना १०० ।-<br>तीन महिना पछाडि ५००।- | |
| ६० | सम्बन्ध विच्छेद दर्ता | ३५ दिन सम्म नि:शुल्क<br>३५ दिन-तीन महिना १०० ।-<br>तीन महिना पछाडि ५००।- | |
| ६१ | विवाह दर्ता | ३५ दिन सम्म नि:शुल्क<br>३५ दिन-तीन महिना १०० ।-<br>तीन महिना पछाडि ५००।- | |
| ६२ | नयाँ व्यवसाय दर्ता | ०-५ लाख सम्म ५००।-<br>५ लाख-१० लाख १०००।-<br>१० लाख-२० लाख २०००।-<br>२० लाख भन्दा माथि ५०००।-<br>यहि अनुपातमा | |

| क्र.सं. | सेवा सुविधाको नाम | लाग्ने दस्तुर | कैफियत |
|---|---|---|---|
| ६३ | व्यवसाय नविकरण | २००।- | |
| ६४ | उल्लेखित बाहेक अन्य स्थानीय आवश्यकता अनुसारका सिफारिस प्रमाणितहरु | फर्म वा कृषक समूह दर्ता १०००।-<br>नविकरण ५००।-<br>सर्जमिन मुचुल्का ५००।- | |

## ५.७ आ.व.२०७५/०७६ को राजश्व बृद्धिका लागि भएका मुख्य निर्णयहरुः

## गाउँपालिकाबाट पारित भएका करका दरहरू ?????

## ५.८ राजश्व बृद्धिका लागि सम्भाव्य स्रोतहरुको पहिचान

- गाउँपालिका क्षेत्रमा भविश्यमा दिगो रुपमा व्यवसाय र आम्दानी बढ्ने खालका कार्यक्रम⁄आयोजनाहरु जस्तै ऐतिहासिक तथा प्राकृतिक सम्पदाहरुको संरक्षण, सम्बर्द्धन र विकास, जलश्रोतको संचय र विकास आदि कार्यक्रमलाई जोड दिई त्यसको प्रवर्द्धन गर्ने ।
- बौदीकाली क्षेत्रको जग्गाको अभिलेख अद्यावधिक गर्ने र  सम्पत्ति कर व्यवस्थित ढंगले कार्यान्वयन गर्ने ।
- व्यवसायीहरुको अभिलेख अद्यावधिक गर्ने एवं घर बहाल कर, बहाल  बिटौरी  कर, व्यवसाय कर, सवारी साधन कर र पटके सवारी कर, मनोरन्जन करबाट गत आ.व.मा आय संकलन हुन नसकेको अभिलेखबाट देखिएकोले ती करको कार्यान्वयनमा जोड दिने ।
- जडिबुटी, कृषि र जीवजन्तु कर लागू गरी कार्यान्वयनमा ल्याउने ।
- हाल सम्म यस गाउँपालिकाले सेवा शुल्कबाट थोरै मात्र रकम संकलन गर्न सकेको छ  । सेवा शुल्कका निर्धारित स्रोतहरु परिचालन गर्न सके यसबाट आय बढ्न सक्ने देखिन्छ। सेवा शुल्कका स्रोतहरु जस्तै सवारी पार्किङ शुल्क, सफाई शुल्क (घर धुरी र व्यवसायीहरुबाट), अचल सम्पत्ति मूल्यांकन सेवा शुल्क, एम्बुलेन्स सेवा शुल्क, वारुण यन्त्र व्यवस्थापन शुल्क, स्थानीय पूर्वाधार  तथा सेवा आयोजना  सेवा शुल्क र अन्य सेवा शुल्क लागू गर्ने ।
- दस्तुरका स्रोतहरु जस्तै दर्ता नविकरण दस्तुर, नक्सा पास दस्तुर, सिफारिश दस्तुर, नाता प्रमाणित दस्तुर संकलनको कार्यलाई प्रभावकारी वनाउने र ती सवैको शीर्षक अनुसार अभिलेख राख्ने व्यवस्था मिलाउने ।
- बिक्री करका स्रोतहरु जस्तै नक्सा फाराम विक्री, अन्य फाराम बिक्रि, आदिको सम्भावना  हेरी

लागू गर्ने र सोको पनि अभिलेख शीर्षक अनुसार राख्ने ।

- करका अन्य स्रोतहरु जस्तै दण्ड जरिवाना, भाडा, पेश्की फछ्यौंट आदिको सम्भावना हेरी आय संकलन गर्ने र सो को पनि अभिलेख व्यवस्थित गरी राख्ने ।
- कर संकलनको लागि प्रभावकारी उपायहरु अबलम्वन गर्ने ।

## ५.९ आ.व. २०७४/०७५ देखि २०७६/०७७ को राजश्व प्रक्षेपण

आगामी आ.व.को राजश्वको प्रक्षेपण मुख्यगरी विगत ३ वर्षहरुको औषत बृद्धि प्रतिशतको आधारमा गर्नु पर्ने सैद्धान्तिक मान्यता भएतापनि गाउँपालिका नयां प्रावधान अनुरुप स्थापना भएकोले विगत २ आ.व.को औसत आय र आगामी आ.व.को लागि राजश्व परामर्श समितिका सदस्यहरु, गाउँपालिकाका अध्यक्ष तथा प्रमुख प्रशासकिय अधिकृत, लेखा प्रमुख तथा अन्य सम्बन्धित कर्मचारीहरुसंगको छलफल र सुझावहरुलाई मध्यनजर गरी सुरक्षा सुनिश्चितता प्रतिशतको आधारमा राजश्व प्रक्षेपण गरिएको छ । समष्टिगतमा आधार वर्षआ.व.२०७४/०७५ को तुलनामा आ.व. २०७५/०७६ मा २०० प्रतिशतले आन्तरिक आयमा बृद्धि हुने अनुमान गरिएको छ ।

# भाग ६
# निष्कर्ष र सुझावहरु

## ६.१ निष्कर्ष

बौदीकाली गाउँपालिकाले स्थानीय तहको आर्थिक ऐनको नमूना २०७५, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७५, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्य कानूनी प्रावधानहरु प्रयोग गरी आन्तरिक राजश्व परिचालन गर्न प्रयत्नशील रहेको देखिन्छ ।

### ६.१.१ आन्तरिक आयको परिचालन

आ.व.०७४/०७५को यस गाउँपालिकाको आन्तरिक स्रोत परिचालन तथा व्यवस्थापनको अवस्था संक्षेपमा निम्न प्रकार रहेको छ :

(क) आ.व.२०७४/०७५ मा यस गाउँपालिकाले आन्तरिका स्रोतबाट जम्मा आय६,५८,०००संकलन गर्न सफल भएको छ ।

### ६.१.२ प्रस्तावित तथा प्रक्षेपित आय

यस गाउँपालिकाको आ.व.२०७४।०७५ को लागि जम्मा आन्तरिक आय रु.२१,७२,००,०००।- प्रस्ताव गरिएको छ भने आ.व.२०७५/०७६ र २०७६/०७७ को लागि रु.२५,००,००,००० र रु. ३०,००,००,००० प्रक्षेपण गरिएको छ ।

### ६.१.३ आन्तरिक स्रोतको चालु तथा पूँजीगत खर्चको स्थिति

यस गाउँपालिकाको आ.व. २०७३/०७४ मा पूँजीगत तर्फ रु. १,८१,६८,६७० र चालु तर्फ रु.

२६,०६,५९७खर्च गरेको अभिलेखबाट देखिन्छ । त्यस्तै आ.व.२०७४/०७५मा यस गाउँपालिकाको पूँजीगत तर्फ रु.११,००,००,०००र चालु तर्फ रु.२,३५,२३,००० खर्च गरेको छ ।

### ६.१.४ यस गाउँपालिकाले परिचालन गरिरहेका कर, सेवा शुल्क, दस्तुर, बिक्री र अन्य आयका स्रोतहरु

यस गाउँपालिकाले आ.व.२०७३/०७४ मा आन्तरिक आय जम्मा रु६,५८,००० संकलन गरेको छ। आयका स्रोतहरुमा व्यवसाय कर, विज्ञापन कर, अचल सम्पत्ति मूल्यांकन सेवा शुल्क, दर्ता तथा नवीकरण दस्तुर, नक्सा पास दस्तुर, सिफारिस तथा बक्सौनी दस्तुर, नाता प्रमाणित र अन्य प्रमाणित दस्तुर, स्रोत परिचालन, दण्ड जरिवाना, भाडा र बजार ठेक्का समावेश छन् ।

## ६.२ सुझावहरु

### ६.२.१ स्थानीय कर सम्बन्धि सुझावहरू

क) आ.व.२०७३/०७४ को तुलनामा आ.व. २०७४/०७५ मा स्थानीय करका श्रोतहरुमा बृद्धि हुने प्रस्ताव गर्नुका साथै आ.व. २०७४/०७५ को तुलनामा आ.व. २०७५/०७६ र २०७६/०७७ लागि प्रस्तावित स्थानीय कर अन्तर्गतका करका स्रोतहरुमा क्रमशः बृद्धि गर्ने अनुमान गरिएकाले बौदीकाली गाउँपालिका क्षेत्रको जग्गाको अभिलेख अद्यावधिक गर्ने रसम्पत्ति कर कार्यान्वयन गर्नुका साथै निम्न स्रोतहरुको दायरा बढाउने तथा करका दरमा बृद्धि गर्न सुझाव गरिएको छ ।

- व्यवसायीहरुको अभिलेख अद्यावधिक गरी करको दायरा बढाउने ।
- घर बहाल करको दायरा बढाउने ।
- सवारी साधन कर प्रभावकारी ढंगले उठाउने ।
- विज्ञापन करको दायरा बढाउने ।
- हाटबजार व्यवस्थित गरी करको दायरा बढाउने ।
- पटके सवारी करको दररेट बढाउने ।
- मनोरञ्जन करलाई प्रभावकारी वनाउने ।
- घर वहाल कर प्रभावकारी बनाउने ।
- सवारी साधनको अभिलेख अद्यावधिक गरी सवारी दर्ता तथा वार्षिक सवारी करका दायरा बढाउने ।

ख) आ.व.२०७४/०७५ देखिनै यस गाउँपालिकाले सेवा शुल्क उठाउने प्रयत्न गरेको छ ।यस गाउँपालिकामा सीमित मात्रामा मात्र करहरु लगाइएकोमा त्यसलाई व्यवस्थित गरिदिएर आगामी दिनहरुमा प्रशस्त आम्दानी गर्न सकिने सम्भावना रहेको छ ।आ.व.२०७४/०७५ को

तुलनामा आ.व.२०७५/०७६ र २०७६/०७७लागि १५ प्रतिशतले बृद्धि गर्दै जाने प्रस्ताव गरिएकोले प्रस्तावित प्रक्षेपित बृद्धिलाई साकार वनाउन  निम्न कदमहरु चाल्न सुझाव गरिन्छ

- सार्वजनिक सुविधा उपयोग सेवा शुल्क प्रभावकारी वनाउने ।
- सार्वजनिक संरचना मर्मत सम्भार शुल्क लागू गर्ने ।
- सवारी पार्किङ्ग शुल्क लागू गर्ने ।
- एम्बुलेन्स सेवा शुल्क लागू गर्ने ।
- फोहोरमैला तथा सफाई महशुल लागू गर्ने

ग) आ.व.२०७४/२०७५मा विविध शीर्षकबाट कूल रकम रु.६ लाख ५८ हजार प्राप्त हुने अनुमान छ । आ.व.२०७४/२०७५ को प्रस्तावित रकममा आ.व. २०७५/०७६ र २०७६/०७७ मा क्रमशः १५ र १५ प्रतिशत बृद्धि गर्नुपर्ने देखिएकोले हाल उठाइरहेका निम्न दस्तुरको दररेटमा बृद्धि गरी प्रभावकारी रुपमा लागू गर्न सुझाव गरिएको छ ।

- भाडा तथा वहाल,
- बजार ठेक्का,
- मालपोत तथा अन्य बक्यौता,
- सार्वजनिक नीजि साझेदारी
- अन्य श्रोत परिचालन जस्तै फोटो कपी, विभिन्न फारामहरु आदि ।
- दर्ता नवीकरण दस्तुर ।
- नक्सा पास दस्तुर ।
- सिफारिश दस्तुर ।
- नाता प्रमाणित दस्तुर ।
- अन्य विविध स्रोत ।
- अन्य दस्तुर ।

घ) आ.व. २०७३/०७४ को तुलनामा आ.व.२०७४/०७५ मा बिक्रीको रकम १०० प्रतिशतले बृद्धि गर्ने अनुमान गरिएकोले र आ.व. २०७४/०७५ को तुलनामा आ.व. २०७५/०७६ र २०७६/०७७ लागि प्रस्तावित बिक्री बाट २० प्रतिशत प्रक्षेपित बृद्धिलाई साकार वनाउन निम्न सेवालाई प्रभावकारी वनाई बढी सेवाग्राही आकर्षित गर्ने प्रयास गर्नेः

- वोल पत्र फाराम विक्री ।
- नक्सा फाराम विक्री ।

- मालसामान लिलाम बिक्री ।

ङ) आ.व. २०७३/०७४ को तुलनामा आ.व. २०७४/०७५ मा दण्ड जरिवानाको रकम १०० प्रतिशतले र आ.व.२०७५/०७६ र २०७६/०७७ मा यस श्रोतमा २० प्रतिशतले बृद्धि गर्ने प्रस्ताव गरिएकोले यसको कार्यान्वयन पक्षलाई प्रभावकारी वनाउने ।

### ६.२.२ अधिकार प्रत्यायोजन सम्बन्धी सुझावहरु

क) बौदीकालीगाउँपालिका अन्तर्गतका वडाहरुलाई मालपोत /भूमि कर, व्यवसाय कर नक्सा पास दस्तुर, नक्कल प्रमाणित दस्तुर,फाराम बिक्री, सम्पत्ति कर उठाउन वडाहरुमा अधिकार प्रदान गर्ने ।

ख) राजश्वमा संलग्न कर्मचारीहरुको निश्चित टोली निमार्ण गरी उनीहरुलाई मासिक, चौमासिक र वार्षिक लक्ष निर्धारण गरी लक्ष अनुसार असुल गरेमा निश्चित प्रतिशत भत्ता उपलब्ध गराउने व्यवस्था गर्ने । यसो गर्दा आन्तरिक राजश्व असुलीमा प्रभावकारिता आउने देखिन्छ । यसका साथै निम्न कुराहरुसमेत सुझाव गरिन्छ :

- राजश्व संकलनमा संलग्न कर्मचारीलाई आई.डि. उपलब्ध गराउने ।
- रसिद कम्प्यूटराइज गर्ने ।
- फिल्डमा उठेका रकम त्यही दिन वडाले बुझ्ने व्यवस्था मिलाउने र त्यसको जानकारी बौदीकाली गाउँपालिकाले पाउने व्यवस्था गर्ने ।

### ६.२.३ सञ्चार तथा पारदर्शिता सम्बन्धी सुझावहरुः

क) बौदीकालीगाउँपालिकालाई बुझाउनु पर्ने कर, सेवा शुल्क र दस्तुर सम्बन्धी जानकारीका लागि यी सवै विवरण भएको ब्रोसर (Brochure)प्रकाशन गरी पर्याप्त मात्रामा गाउँपालिका वासीहरुलाई उपलब्ध गराउने । यस गाउँपालिकाले निम्न व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ ।

- वडा कार्यालयमा कर, शुल्क र दस्तुरका दरहरु उल्लेख गरी फ्लेक्स बोर्ड राख्ने व्यवस्था मिलाउने ।
- वडा कार्यालयहरुमा सहायता कक्ष (Help Desk)व्यवस्था मिलाउने ।
- वडा -वडामा करदाता शिक्षा कार्यक्रम संचालन गर्ने ।
- आन्तरिक आयबाट संकलित रकम पूँजीगत र चालु खर्चमा भएको खर्चको विवरण वार्षिक बजेट तथा कार्यक्रम पुस्तिकामा अनिवार्य रुपमा राख्ने व्यवस्था मिलाउने । खर्चको पारदर्शिताका लागि यो गर्न अति जरुरी छ ।

### ६.२.४ सम्पत्ति कर कार्यान्वयन गर्ने

क्षेत्रमा भएका जग्गा र भौतिक संरचनाहको विवरण तयार गरी अद्यावधिक गर्ने रसम्पत्ति करलाई प्रभावकारी रुपमा लागू गर्ने ।

### ६.२.५ संस्थागत विकास सम्बन्धी सुझावहरु

- राजश्व शाखामा एक जना अधिकृत स्तरीय कर्मचारीको व्यवस्थासहित राजश्व परिचालन कार्य टोली वनाई सक्रिय वनाउने ।
- बौदीकालीगाउँपालिकालाई प्राप्त आन्तरिक राजश्वका स्रोतहरुको अधिकतम् परिचालन गरी राजश्व संकलनमा योगदान पुऱ्याउन तथा विकास कार्यका लागि समेत दिगो रुपमा साधन जुटाउन सहज गर्न यस गाउँपालिकाका राजश्व तथा लेखामा काम गर्ने कर्मचारीहरुको विषयगत क्षमता अभिबृद्धि गर्ने गरी तालिम, अभिमुखिकरण तथा वृति विकासका कार्यहरु सञ्चालन गर्ने ।
- सम्पत्ति कर संकलन सम्बन्धमा व्यवहारिक पक्षहरुको ज्ञान तथा सीप साटासाट गर्न बौदीकालीगाउँपालिकाका सम्बन्धित कर्मचारीहरु, सरोकारवालाहरु र राजनीतिक दलका प्रतिनिधिहरुको एक टोली छनोट गरी सम्पत्ति कर प्रभावकारी रुपमा संचालन भएको र अन्य गाउँपालिकासंग सम्पर्क गरी गाउँपालिकाको अध्ययन भ्रमणको आयोजना वनाई कार्यान्वयन गर्ने ।
- राजश्व सम्भाव्यता अध्ययन प्रत्येक वर्ष गर्ने, गराउने ।
- राजनीतिक दलका प्रतिनिधिहरुका लागि राजश्व परिचालन सम्बन्धी अभिमुखिकरण तालिम संचालन गर्ने ।
- मुख्य सरोकारवालाहरु बीच समय समयमा राजश्व अभिबृद्धि तथा यसको उपयोग बारे बहस तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने ।
- राजश्व परिचालन कार्य योजना तयार गरी कार्यान्वयन गर्ने र कार्यान्वयनको अनुगमन समेत गर्ने ।
- राजश्वको स्रोत, सम्भाव्य ठाउं, संस्था, व्यवसायीहरु, उद्यमीहरु, आदिको अभिलेख तयार गरी प्रत्येक वर्ष अद्यावधिक गर्ने र त्यस अभिलेखलाई कम्प्यूटराइज गर्ने ।
- यस्तो अभिलेख तयार गर्दा घरको विवरण, बहालको विवरण, जग्गाको विवरण, व्यवसायको विवरण, सवारी साधनको विवरण आदिको अभिलेख तयार तथा अध्यावधि अनिवार्य गर्ने ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम गाउँपालिकाले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन आन्तरीक नियन्त्रण प्रणाली निमार्ण गरी कार्यान्वयन गर्ने ।

- गाउँपालिकाको  पार्श्वचित्र समयमानै तयार तथा अद्यावधि गर्ने ।
- राजश्व सम्बन्धी विवरणहरु र यसबाट संचालन भएका पूँजीगत आयोजनाहरुको नियमित रुपमा सार्वजनिक गर्ने र राजश्वबाट उठेको रकमको प्रभावकारिता बारे अन्तरक्रिया कार्यक्रम संचालन गर्ने ।
- गाउँपालिका क्षेत्रमा पर्यटकीय होटल , रिसोर्ट तथा पार्कको पहिचान र नीजि क्षेत्रलाई लगानीका लागि आकर्षण गर्न प्रचारप्रसार गर्ने तथा विकास र प्रबर्द्धनमा चासो बढाउन नीजि क्षेत्रलाई सहजीकरण गर्ने ।
- राजश्वसंग सम्बन्धित प्रशिक्षण कार्यक्रम लगायतका विभिन्न कार्यहरु क्रमशः कार्यान्वयन गर्ने ।
- राजश्व परिचालन सम्बन्धमा गाउँपालिकाको संस्थागत क्षमता विकासमा जोड दिने

# सन्दर्भ सामग्रीहरू

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

२. स्थानीय तहको आर्थिक ऐनको नमुना २०७४

३. स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४

४. स्थानीय निकाय आर्थिक प्रशासन (संशोधन सहित) नियमावली, २०६४

५. नेपालको संविधान २०७२ ।

६. बौदीकाली गाउँपालिकाको पार्श्वचित्र ।

७. बौदीकाली गाउँपालिकाको आर्थिक विवरण ।

८. बौदीकाली गाउँपालिकाको यथार्थआर्थिक विवरण, २०७३/०७४ को संशोधित र ०७४/०७५ को अनुमानि आर्थिक विवरण र गाउँपरिषदबाट स्वीकृत कर, शुल्कका दर रेट सम्बन्धी विवरण ।

९. चौधौ योजना २०७३/७४ - २०७५/७६

१०. नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७५